जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक ३, २०७८ साल वैशाख १७ गते शुक्रबार, नेपाल संवत् ११४१ (April 70, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## पूर्वी नाकामा भारतीयलाई कडाइ

काठमाडौं । भारतीय नागरिकलाई पूर्वी नाका काँकडभिट्टा भएर नेपाल प्रवेशमा रोक लगाइएको छ । भारतमा कोरोना संक्रमणको दोस्रो लहर उच्च भएपछि जिल्ला प्रशासन कार्यालय झापाले पूर्वी नाकाबाट भारतीय नागरिकलाई प्रवेशमा रोक लगाएको हो ।

मंगलबार सुरु दिन भएकाले सूचना जारी हुन नपाउँदा २१ जना भारतीय नागरिक नेपाल प्रवेश गरे । त्यसपछि आएका भारतीयलाई भने फर्काइएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ । **बाँकी ८ पेजमा**

## मास्कमा कालोबजारी

विराटनगर । कोरोना संक्रमण बढिरहेका बेला कृत्रिम अभाव सिर्जना गरी विराटनगरका औषधि व्यवसायीले मास्कको मूल्यमा दुईदेखि १० गुणासम्म वृद्धि गरेका छन् ।

साधारण खालको सर्जिकल मास्कको खुद्रा मूल्य प्रतिप्याकेट २ सय रुपैयाँ पुगेको छ । एउटा प्याकेटमा ५० थान मास्क हुन्छन् । साताअघिसम्म प्रतिप्याकेट मास्कको मूल्य १ सय १० रुपैयाँ थियो । 'सेवा र सहयोग गरौं भन्ने भावना नै छैन, **बाँकी ८ पेजमा**

# भयग्रस्त मानिस, सुनसान सहर

काठमाडौं । आदिकवि भानुभक्तको 'अलकापुरी कान्तिपुरी नगरी' यतिबेला शमशान घाटजस्तै सुनसान छ । कोरोनाको दोस्रो लहर फैलिएर कालका मुखमा मानिसहरू धकेलिन थालेपछि कोरोनाको कहरबाट बच्न सरकारले पन्ध्र दिन निषेधाज्ञा लागू गर्ने निर्णय गरेको छ । हिजो बिहान ६ बजेबाट लागू गरिएको निषेधाज्ञा २२ वैशाख मध्यरातसम्म लागू हुनेछ ।

काठमाडौं, ललितपुर र भक्तपुरका प्रमुख जिल्ला अधिकारीहरूको संयुक्त बैठकले एक साता निषेधाज्ञा लागू गरे पनि मन्त्रिपरिषद् बैठकले १५ दिनसम्मको निर्णय गरेकाले निषेधाज्ञा लम्बिने भएको हो । निषेधाज्ञा जारी भएसँगै मानिसहरू घरभित्रै सुस्ताउन बाध्य भए । ट्राफिक जामले हैरान बनाउने उपत्यकाका सडकहरू पूरै खाली छन् । मानिसहरूको शून्य चहलपहलले भीडभाडयुक्त काठमाडौं निर्जन र उराठलाग्दो देखिएको छ । कुनै प्रलय वा महायुद्धपछिको सुनसान मैदानजस्तै छ यतिबेला स्वप्न नगरी, मुलुकको मुटु राजधानी काठमाडौं ।





सन् २०१९ नाभेम्बरमा चीनको बुहानमा कोरोना भाइरस (कोभिड १९) ले विश्वमा नै आतंक मच्चायो । विश्वका २१३ वटा राष्ट्र कोभिडको चपेटामा परे । कोरोना भाइरसबाट बच्न १३० वटाभन्दा बढी देशले 'लकडाउन' को कष्टकारी उपाय अवलम्बन गरे । समुदायमा कोरोना भाइरस नफैलियोस् र यसले महामारीको रुप नलियोस् भनेर अपनाइएको यो पूर्वसतर्कता मात्रै थियो । जुन जुन मुलुकले लकडाउनलाई खुकुलो बनाए वा हटाए त्यहाँ कोरोना भाइरसको संक्रमण पुनः फैलिन थाल्यो । ती मुलुकहरू पुनः लकडाउनमै फर्किन बाध्य भए । यही बीचमा चिकित्सा विज्ञानले ठूलो सफलता हात पार्‍यो । कोरोना फैलिएको एक वर्षमै वैज्ञानिकहरूले कोरोना विरुद्धको भ्याक्सिन तयार गर्न सफल भए । यसलाई चिकित्सा विज्ञानको चमत्कार समेत भनिँदैछ । अमेरिका, चीन, रुस, भारत, ब्रिटेन, अष्ट्रेलिया लगायत मुलुकहरूले विभिन्न नामका कोरोना विरुद्धका खोपहरू उत्पादन गरेका छन् । तर यी खोपहरू कोरोना रोक्ने अचुक औषधी भने बन्न सकेका छैनन् । मानव शरीरभित्र रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न भने उत्पादित खोपहरू सफल देखिएका छन् । कोरोनाको खास औषधि भने अझै बन्न सकेको अवस्था छैन ।

कोरोनाविरुद्धका खोपहरू बन्ने र प्रयोगमा ल्याउने क्रम सुरु भएसँगै विश्व लयमा फर्किन सुरु गर्‍यो । संक्रमित र मृत्युदर घट्न थाल्यो । मानिसहरूका मुहारमा खुसी छायो । थलिएको विश्व अर्थतन्त्रले वौरिन सुरु गर्‍यो । विश्वस्तरमै बन्दाबन्दीको अवस्था अन्त्य भयो । मानिसहरूको दैनिकी फेरि पूर्ववत अवस्थामा फर्क्यो । आवश्यक स्वास्थ्य सावधानीलाई समेत मानिसहरूले पालना गर्न छोडे । कोरोना महामारी अब हरायो भन्ने भान विश्वलाई पर्‍यो । तर कोरोना भने रोकिएको रहेनछ । यो आफ्नो स्वरुप परिवर्तन गर्दै फेरि नयाँ प्रजातिका रुपमा देखा पर्न थाल्यो । ब्रिटेन, ब्राजिल, दक्षिण अमेरका, अफ्रिकामा कोरोनाको नयाँ प्रजाति देखिन थाले । यो पहिलेको स्वरुपको भन्दा अझ विनाशकारी रुपमा आएको चिकित्सा विज्ञानले ठहर गर्‍यो । एकजनाबाट चालिस जनासम्म संक्रमित हुन सक्ने तथ्य वैज्ञानिकहरूले सार्वजनिक गरे । नयाँ प्रजातिका कोरोना भाइरस मानिसहरूको आवतजावतसँगै विश्वव्यापी रुपमा फैलिन थाले । यसलाई कोरोनाको दोस्रो लहर भनिँदैछ अहिले ।

विश्वमा कोरोना भाइरसको दोस्रो प्रजाति ब्राजिल, दक्षिण अफ्रिका र ब्रिटेनबाट सुरु भएको मानिन्छ । यी तीन देशबाट विश्वका विभिन्न कुनाकाप्चासम्म कोरोनाको दोस्रो लहर फैलिएको हो । र, कोरोना भइरस संक्रमित संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । नेपालमा पनि कोरोना संक्रमितको संख्या र **बाँकी ८ पेजमा**

## भारतको अवस्थाप्रति डब्लुएचओ चिन्तित

काठमाडौं । भारतमा लगातार दैनिक तीन लाखभन्दा बढी संक्रमित बढेपछि विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का संगठन प्रमुख डा. टेड्रोस गेब्रेयेससले चिन्ता जनाएका छन् । डब्लुएचओका संगठन प्रमुख गेब्रेयेससले स्थिति नियन्त्रणमा ल्याउन भारतमा रहेका २६ सय कोरोना एक्सपर्टलाई तत्कालै काममा लगाउने कार्य भइरहेको जानकारी दिएका छन् । 'भारतको अवस्था डरलाग्दो छ, यसले हामीलाई समेत भयभीत बनाएको छ,' डा. गेब्रेयेससले भने, 'भारतमा रहेका हाम्रा कोरोना एक्सपर्टलाई काममा लगाउने प्रक्रिया अगाडि बढाइएको छ ।'

भारतलाई डब्लुएचओबाट चाहिने सबै सहयोग प्राप्त हुने उनले विश्वास दिलाएका छन् । 'भारतलाई हामी सक्दो **बाँकी ८ पेजमा**

## नेकपा मालेको शुभकामना

काठमाडौं । नेकपा मालेले नेपाली कम्युनिस्ट आन्दोलन ७३ औं वर्षमा प्रवेश गरेको अवसरमा एक विज्ञप्तिमार्फत समस्त सर्वहारा श्रमजीवीहरूमा हार्दिक शुभकामना व्यक्त गरेको छ । पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

'हाम्रो मुलुकमा तत्काल विद्यमान जहानीयाँ राणा शासन, सामन्ती आर्थिक-सामाजिक सम्बन्ध र विस्तारवादी तथा साम्राज्यवादी शोषण-उत्पीडनलाई अन्त्य गरी नव प्रजातन्त्र अर्थात् नयाँ जनवादी ब्यवस्था स्थापना गर्दै वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा नेपाली समाजलाई पुर्‍याउने महान उद्देश्य लिएर कमरेड पुष्पलालको अगुवाइमा २००६ साल बैशाख १० गतेका दिन नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरिएको थियो ।

अनेक आरोह-अवरोह पार गर्दै नेपाली कम्युनिष्ट आन्दोलनले आज ७२ वर्ष पुरा गरी ७३ औं वर्षमा प्रवेश गरेको छ । यस आन्दोलनमा उत्पन्न र प्रभावी बनेका सैद्धान्तिक विचलन तथा विकृति-विसंगतिहरूलाई हटाउन र **बाँकी ८ पेजमा**

## भित्री नाकाबाट भारतीय छिरे

काठमाडौं । भारतीय नम्बरका सवारीसाधनबाट भित्री नाका भएर तरकारी र अन्य सामान भित्रिने गरेको छ । भैरहवा, कपिलवस्तु, बाँके मूल सीमा नाकामा सावधानी अपनाउँदै खुला आवागमनलाई व्यवस्थित बनाइए पनि रूपन्देहीका साना नाका र दशगजाबाट निर्बाध ओहोरदोहोर रोकिएको छैन । बेलहिया-सुनौली मूल नाकामा स्वास्थ्य जाँचसहित सावधानी अपनाइए पनि अन्य क्षेत्रमा खुला सीमा छ । खुला सिमानामा सयौं भित्री नाका छन् । साना



नाकामा स्वास्थ्य र सुरक्षाकर्मी तैनाथ छैनन् ।

बेलहियास्थित मूल नाकाबाट करिब ४ किमि पश्चिम सिद्धार्थनगर-२ सँग जोडिएको **बाँकी ८ पेजमा**

## कोरोना कालमा पनि सत्ताकै खेल

काठमाडौं । जसपाको अन्तर्विरोधका कारण सरकारविरुद्धको अविश्वास प्रस्ताव दर्ता धकेलिएको छ । अविश्वास प्रस्ताव दर्ताका लागि सबै तयारी पूरा गरे पनि जसपा आन्तरिक सहमतिसहित आउन नसकेपछि प्रमुख प्रतिपक्षी कांग्रेस र माओवादी केन्द्र जसपालाई पर्खिने मनस्थितिमा पुगेका छन् ।

उता सत्तासमीकरणबारे निर्णय लिन भन्दै सोमबार जसपाका शीर्ष तहका नेताहरूको बैठक बोलाइए पनि औपचारिक बैठक बस्नै सकेन । केन्द्रीय कार्यकारिणी समिति बैठकबारे पनि जसपामा सहमति जुटेको छैन । जसपा अध्यक्ष उपेन्द्र यादवले सोमबारको बैठकमा कुनै निष्कर्ष ननिस्केको र छलफल जारी रहने बताए ।

कांग्रेसले अविश्वास प्रस्ताव दर्ता गराउन जसपाको सुनिश्चिततासहितको निर्णय माग गरेपछि शीर्ष तहका नेताहरू बसेका थिए । तर, प्रारम्भमा नै केन्द्रीय कार्यकारिणी समितिको बैठक



राख्ने विषयमा नेताहरूले दुई विपरीत धारणा राखेपछि छलफल अगाडि बढ्नै सकेन ।

एक नेताका अनुसार केही समय अनौपचारिक छलफलपछि बैठकमा संघीय परिषद् अध्यक्ष बाबुराम भट्टराईले केन्द्रीय कार्यकारिणी समितिको बैठक मंगलबार बोलाएर सत्तासमीकरणलगायत विषयमा निर्णय गर्नुपर्ने प्रस्ताव राखेका थिए । तर, अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतोले कोरोना महामारी बढिरहेका वेला उपयुक्त नहुने भन्दै अवस्था सामान्य भएपछि मात्रै बैठक बस्नुपर्ने धारणा राखेका थिए ।

बैठकमा भट्टराईसँगै अर्का अध्यक्ष यादवले पनि राजनीतिक परिस्थितिलाई ध्यान दिएर निर्णय **बाँकी ८ पेजमा**

## आकासियो बजार

काठमाडौं । लकडाउनको घोषणासँगै तेलदेखि खाद्यान्नको भाउ अचाक्ली बढेको छ । राजनीतिक अस्थिरता बढ्दै जाँदा व्यवसायीले मनोमानी ढंगले मूल्यवृद्धि गरेपछि उपभोक्ता चर्को महँगीको मारमा परेका छन् । ३ सयमा पाइने कुखुराको मासुको भाउ साढे ४ सय ५० पुगेको छ । खानेतेलको भाउ प्रतिलिटर ८० रुपैयाँसम्म बढेको छ । अत्यधिक मूल्यवृद्धि भइरहँदा पनि सरकारी निकायले नियन्त्रणका लागि ठोस पहल गरेको छैन । आयातकर्ता र उत्पादकहरू अन्तर्राष्ट्रिय बजारलाई दोष दिइरहेका छन् ।

खानेतेलको मूल्य अन्तर्राष्ट्रिय बजारकै कारण बढेको व्यापार संघको जिकिर छ । बजार मूल्य नियन्त्रण गर्न सरकारले भन्सार दरमा सहुलियत **बाँकी ८ पेजमा**

## चीनद्वारा नेपाललाई सहायता घोषणा

काठमाडौं । उत्तरी छिमेकी मुलुक चीनले नेपाललाई कोरोना महामारी विरुद्धको लडाइँका लागि करिब नौ करोड २० लाख रुपैयाँ (५० लाख चिनियाँ मुद्रा) सहायता दिने घोषणा गरेको छ । दक्षिण एसियाली पाँच मुलुक नेपाल, बंगलादेश, **बाँकी ८ पेजमा**

## अर्थतन्त्र फेरि चौपट

काठमाडौं । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले दोस्रो लहरको कोरोना महामारीले अर्थतन्त्र थप जोखिममा पर्ने सम्भावना देखिएको बताएका छन् । मंगलबार राष्ट्र बैंक स्थापनाको ६५ वर्ष पूरा गरी ६६ औं वर्षमा प्रवेश गरेको अवसरमा भर्चुअल कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

उनले २०७७ विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीको विषम परिस्थितिले अर्थतन्त्रमा निकै चुनौतीपूर्ण रहेको बताए । महामारीले विशेष गरी होटल तथा रेस्टुरेन्ट, यातायात, खुद्रा तथा थोक व्यापार, उत्पादन क्षेत्र लगायतमा गम्भीर असर परेको गभर्नर अधिकारीले बताएका छन् । उनले महामारीबाट **बाँकी ८ पेजमा**

## १२ जिल्लामा निषेधाज्ञा

काठमाडौं । कोरोनाको दोस्रो लहर तीव्र रूपमा फैलिएपछि सरकारले विभिन्न जिल्लामा निषेधाज्ञा सुरु गरेको छ । मंगलबारसम्म १२ जिल्लामा निषेधाज्ञाको निर्णय भइसकेको छ भने केही जिल्लामा यसको तयारी भइरहेको छ । गृह मन्त्रालयका अनुसार नौ जिल्लामा पूर्ण रूपमा निषेधाज्ञाको निर्णय भइसकेको छ । तीन जिल्लामा आंशिक रूपमा लकडाउन गरिएको छ । पूर्ण रूपमा निषेधाज्ञा हुने जिल्लामा उपत्यकाभित्रका **बाँकी ८ पेजमा**

## केसी भावी आईजीपी

काठमाडौं । सरकारले सशस्त्र प्रहरी बलका दुई जना अतिरिक्त प्रहरी महानिरीक्षक (एआईजी) को पदावधि एक वर्षको लागि थप गरेको छ । सशस्त्र प्रहरी बलमा हाल पुष्पराम केसी र रामशरण पौडेल एआईजी छन् । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले दुवै जनाको म्याद थप गरेको हो ।

सशस्त्र प्रहरीमा एआईजी र डिआईजी नायब महानिरीक्षकको पदावधि चार चार वर्ष रहेको छ । सशस्त्र प्रहरी नियमावली २०७२ को खण्ड ६४ को नियम २ को उपनियम १ मा भने एआईजी र डिआईजीको पदावधि एक वर्ष थप्न सकिने उल्लेख छ । सोही नियमानुसार सरकारले उनीहरूको पदावधि एक वर्ष थप गरेको हो ।

सरकारले म्याद थप गरेपछि एआईजी पुष्पराज केसीलाई आईजीपी बन्ने ढोका खुलेको छ । दुवै एआईजी वर्तमान आईजीपी शैलेन्द्र खनालका ब्याजी हुन् । एक वर्ष म्याद थपिएकाले अब केसीले खनालपछि थोरै समय आईजीपीको **बाँकी ८ पेजमा**

## कलियुगको दुर्दशा



**अम्बराज मिश्र**

सत्य, त्रेता, द्वापर, कलियुगहरू यसै उसै भनिएको होइन रहेछ । सत्ययुगमा सबै मानव भगवान स्वरुपको व्यवहार हुन्थ्यो अरे, सत्य बाहेक झूटको व्यवहार हुन्न थियो रे, मन्त्र नै सबै थोकको औषधीय गुण हुन्थ्यो रे, मानव नाशक पशुहरू पनि मानवको मन्त्रकै अधीन, परिधिभित्र रहन्थे रे, वायु यान, पुष्पयान, उतिखेर पनि थिए रे, मानव औषधिमा जडिबुटीकै प्रयोग हुन्थ्यो रे, आहार विहार सात्विक भोजन मात्र हुन्थ्यो रे, मांसाहारी त केवल जंगली जनावरहरूको मात्र हुन्थ्यो रे, यस्तो युगमा पनि उग्र बामपन्थी जस्ता मानवहरूको उग्रता र उदण्डता भएका बौलाहाहरूको हालीमुहाली चल्न थालेपछि सत्यताले मानवमा निहित आफ्नो मूल मर्महरूमा कमी गरिदिन थाल्दा द्वापरयुगले प्रवेश पाई १०० वर्ष यसरी नै संसार चल्दै जाँदा द्वापरयुगका विरोधीहरूको छटपटाहटका कारण कलियुग शुरु भयो रे ।

**सन्दर्भ : कोरोना भाइरस**

कलियुगमा सत्य युगको सत्यता रहन सक्दैन किनकी यहाँ बाबुले छोरी चिन्दैनन्, गुरुलाई चेलाले मान्दैनन् । सरकारको नियम जनताले मान्दैनन्, कुर्सीको लागि जस्तोसुकै झूट बोलेर भए पनि कुर्सी हत्याउन उद्दत देखिन्छन्, राजा-प्रजाको नातामा कटुता पैदा गराउँछन, आहार विहारमा कुनै रोकछेक हुँदैन, बाहुनले सुँगुर, भैंसी, जाँडरक्सी, लागूपदार्थ जे जे खान पनि छुट छ, जनै चुँडाएर फ्याँक्दा पनि पाइने, मन्त्र पढ्नेहरूले मादक पदार्थ खाएर पनि पढ्दा हुने, माता पितालाई वृद्धाश्रममा राख्दा पनि हुने, दाजुभाइलाई त्यागेर ससुरालीको इसारामा हिँड्दा पनि हुने, जसले बढी दिन सक्छ, त्यसकै आदेशमा जे जे गर्न तयार हुने, आफ्नो शक्तिलाई अबमूल्यन गरेर अरुको शक्तिको प्रशंसामा ब्यस्त रहने, मानवलाई मानवले लुट्न पाइने, एकले अर्कालाई मार्न पाइने, गल्ती एउटाले गर्छ सजाय अर्कैलाई दिने, सत्ता र भत्ताको आडमा अरुलाई पेलेरै जान पाइने, शक्ति राष्ट्रले अरुलाई बम बारुद तथा क्षेप्यास्त्रको प्रयोगले सबैको तहसनहस गर्ने, यान बनाउने विमान बनाउने लगेर हजारको संख्यामा खोल्सामा हाल्ने, जहाज बनाउने रेल बनाउने लगेर सबै यात्रु एकै छाक बनाउने, आफूले बनाएको संसाधनले आफैंलाई खाने, आदि आदि ...।

विकास धेरै देखियो, धेरै भोगियो, हजारौंलाई आकाशमा लिएर उड्नेदेखि पानीभित्र कुद्नेसम्मको चर्तिकला हामीले देख्यौं र भोग्यौं । हजारौं किलोमिटरसम्म मार गर्ने क्षेप्यास्त्रको करामत देख्यौं । **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### भयावह बन्दै कोरोनाको दोस्रो लहर

अहिले नेपालमा कोरोनाको दोस्रो लहर चलिरहेको छ । कोरोनाबाट संक्रमित हुने र मृत्यु हुनेको संख्या दिनानुदिन बढिरहेको छ । दैनिक ३५ सय संक्रमित हुने र २८ जनासम्म मृत्यु हुने स्थिति बनेपछि संक्रमणको चेन ब्रेक गर्न सरकारले संक्रमित बढी प्रभावित जिल्लामा १५ दिने निषेधाज्ञाको निर्णय गरेको छ । तर यो निषेधाज्ञा भनिए पनि यो पूर्ण लकडाउन नै हो ।

अहिले विश्वमा भाइरसका नयाँ नयाँ भेरिएन्टहरू बढिरहेका छन् । नयाँ स्वरूपका कोरोना भाइरसहरू सहजै फैलिएर मृत्युदर वृद्धि र उपलब्ध भ्याक्सिनहरू पनि निष्प्रभावी बनेका छन् । सन् २०२१ को सुरूमा ब्रिटेनमा 'बी १.१७', दक्षिण अफ्रिकामा 'बी १.३५१' अनि ब्राजिलमा पी १ कोरोना भाइरसको नयाँ भेरियन्टहरूका कारण धेरैको मृत्यु भएको थियो । नयाँ स्वरूपको कोरोना भाइरस छिमेकी मुलुक भारतसम्म आइपुगेको परीक्षणबाट सिद्ध भइसकेको छ । विशेषतः ब्रिटेनमा फैलिएको 'बी १.१७' कोरोनाको नयाँ भेरियन्ट भारतको महाराष्ट्रसम्म आइपुगेको छ । भारतमा कोरोनाको दोस्रो लहरले तवाही मच्चाइरहेको छ । दैनिक लाख बढीको संख्यामा संक्रमितहरू फेला पर्न थालेका छन् । मृत्युदर पनि उकालो लागिरहेको छ । कोरोना भाइरसको स्वरूप परिवर्तन नहुँदै भाइरसविरूद्ध एन्टिबडी बनाउन कोभिसिल्ड बनेको हो । भारतमा झन्डै ८ करोड बढीले यो भ्याक्सिन लगाएका छन् । तर भारतको जनसंख्या १ अर्ब ३० करोड रहेको सन्दर्भमा खोप सबैको पहुँचसम्म कहिले पुग्ने हो अनुमान गर्न कठिन छ ।

भारतले भ्याक्सिन डिप्लोमेसी अन्तर्गत नेपाललाई ८ लाख डोज खोप अनुदान स्वरूप दियो । सरकारले चिकित्सक, स्वास्थ्यकर्मीहरू, सफाइकर्मीहरू एम्बुलेन्स चालक, पत्रकारहरू र ६५ वर्ष माथिका जेष्ठ नागरिकहरूलाई निःशुल्क खोप लगाउने व्यवस्था गऱ्यो । भारतमा कोरोनाको दोस्रो लहर फैलिएका कारण भारतले भ्याक्सिन नबेच्ने निर्णय गरेपछि नेपालले भ्याक्सिन किन्न पाएन । चीनले नेपाललाई ५ लाख डोज खोज अनुदान स्वरूप दिएको छ । चीनमा पढ्न जाने विद्यार्थीहरू र चीनसँग व्यापारिक कारोबार गर्नेहरूलाई यो खोप दिइँदैछ । पहिलो खोप लगाएकाहरूलाई दोस्रो खोप वैशाख दोस्रो सातादेखि सुरु गर्ने सरकारको तयारी छ । सरकारले खोप खरिदमा तदारूकता नदेखाउँदा सबै नेपाली नागरिकले खोप पाउने सम्भावना क्षिण बनिरहेको अवस्था छ । राजनीतिक दल र तिनका नेताहरू महामारीबाट जनतालाई बचाउनभन्दा आन्तरिक द्वन्द्व र सत्ता संघर्षमै लिप्त देखिएका छन् ।

भारतमा रोजगारीमा जाने नेपालीहरूको हिस्सा ठूलो छ । भारतका प्रायशः राज्यहरूमा नेपालीहरू काम गर्छन् । खासगरी कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका नेपालीहरूको रोजगारीको गन्तव्य भारत नै हो । भारतमा कोरोना संक्रमण बढेसँगै रोजगारीमा गएका नेपालीहरू पुनः स्वदेश फर्कन थालेका छन् । सीमा नाकाहरूमा नेपाल फर्किनेहरूको भीड बढ्न थालेको छ । सीमा नाकामा हेल्थ डेस्क राख्ने र भित्रिनेहरूको एन्टिजेन परीक्षणमा तीव्रता दिन ढिला हुँदैछ । आम नागरिकले पनि एसएमएस अर्थात् मास्क, मोसियल डिस्टेन्स, सेनिटाइजर प्रयोग गरी स्वास्थ्य सावधानी अपनाउन जरूरी छ । कोरोना संक्रमणबाट आफू बच्न र अरूलाई पनि बचाउन जरूरी छ । कोरोनासँग हेलचेक्र्याइँ नगरौं ।

# सरकारको आयु लम्ब्याउँदै कोभिड



**सुरेन्द्र ढकाल**

कोरोनाको त्रासले एकातर्फ जनजीवन आक्रान्त छ । त्यसको ठीक उल्टो यही कोभिडको कारण ओली सरकारको आयु झन् झन् लम्बिँदै छ । आफूलाई सबै क्षेत्रमा इतिहासकै सबैभन्दा सफल सरकार ठान्ने ओली कोभिडलाई चुनौति दिंदै मानिसहरू जम्मा गर्दै उद्घाटनमा ब्यस्त छन् । जनता भने अब निषेध आज्ञाको कारण आफूलाई घरभित्रै बन्द गर्न बाध्य छन् ।

संविधान, कानुन, नियम र नियमावलीको खिल्ली उडाउँदै सरकार जे जे गर्न चाहन्छ त्यसलाई राष्ट्रपतिजीले आँखा चिम्लेर ल्याप्चे लगाउने गरेकी छिन् र यही कारण ओली डामेर छोडेको साँढे बन्न पुगेका छन् । नेपालको परराष्ट्रनीति इतिहासकै फितलो साबित भएको छ ।

**एमसिसि अनुमोदन गर्न हत्ते गरेर लागि परेका ओली र भारतका लागि सुविधाजनक सरकार नेपालमा आफूहरूले बनाउनुपर्छ भनेर सत्ता संघर्षमा लागेका प्रचण्ड माधवको कारण नेपालका सत्तारूढ कम्युनिस्टहरू सिआईए र रअका कर्मचारी रहेछन् भन्ने कुराको बोध चीन सरकारले गरेकै कारण बोआओ फोरममा चीनले नेपाललाई निम्ता गर्नै छाडिदिएको छ ।**

अमेरिकाले नेपाल र भुटानलाई भारतीय चस्माले हेर्ने गरेको कारण अब नेपाल भन्ने देश स्वतन्त्र राष्ट्र त हो भन्ने प्रश्न उठेको छ भने नेपाललाई गाह्रो पर्दाको मित्र भनेर चिनिने चीनले नेपाललाई विश्वास गर्न छाडेको छ ।

एमसिसि अनुमोदन गर्न हत्ते गरेर लागि परेका ओली र भारतका लागि सुविधाजनक सरकार नेपालमा आफूहरूले बनाउनुपर्छ भनेर सत्ता संघर्षमा लागेका प्रचण्ड माधवको कारण नेपालका सत्तारुढ कम्युनिस्टहरू सिआईए र रअका कर्मचारी रहेछन् भन्ने कुराको बोध चीन सरकारले गरेकै कारण बोआओ फोरममा चीनले नेपाललाई निम्ता गर्नै छाडिदिएको छ ।

जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा अमेरिकाले नेपाललाई बोलाउँदै बोलाएन । कुनै बेला शान्तिक्षेत्र प्रस्तावको कारण विश्व कुटनीति चर्चित नेपाल, अति कम विकशित राष्ट्रहरूको नेतृत्व लिएको नेपालको नाम कहीं कतैबाट लिएको सुनिँदैन । यसको मुख्य कारण विदशी गुप्तचर संस्थाको एजेन्टको हातमा नेपालको शासन जानुले पनि हो । यसको लागि राजनीतिक दल र नेता जति जिम्मेवार छन् त्योभन्दा विदेशी एजेन्ट भनेर चिनिँदा चिनिँदै त्यस्ताहरूलाई भोट दिई सत्तामा उकाल्ने मतदाताहरूकै कारण नेपाल भन्ने देश सकिने छाँट देखिदै छ ।

अहिले नेपाललाई चिन्ने भनेको कुरा संसारकै सबैभन्दा भ्रष्ट मुलुक, संसारकै सबैभन्दा प्रदूषित शहर भएको मुलुक, संसारकै सबैभन्दा बढी ब्यापार घाटा भएको मुलक, विकास प्रशासन हाँक्न नसक्ने असक्षम मुलुक, महिला र बालबालिका ओसारपसार, उनीहरू माथिको हिंशा हुने, छुवाछूतबाट ग्रस्त विभेदपूर्ण समाज भएको मुलुकको रुपमा हो ।

कोभिडको महामारी अझै फैलिँदै जाने सम्भावना बढेको छ, त्यसलाई रोकथाम गर्न जुन प्रभावपूर्ण योजना र कार्यक्रम सरकारसँग हुनुपर्थ्यो त्यस्तो भएको देखिँदैन । सरकार स्वयं त्यस कुराप्रति उदासीन छ, विरोधीहरू सत्ता संघर्षमै ब्यस्त छन् ।

कोभिडले जनतालाई सखाप पारोस कि नपारोस् उनीहरूको प्राथमिकतामा छैन । बरु संक्रमण बढे आफ्नो सरकारको आयु लम्ब्याउन पाइने कुरामा सरकार विश्वस्त भएको हुँदा अब जनताको लागि विकल्प भनेको सरकारको निषेधाज्ञा मान्दै घरभित्र चुपचाप बस्नु हो । जति संक्रमण बढ्दै छ, उति सरकारको आयु लम्बिँदै छ ।

# कोरोनामा सरकारको बेवास्ता



**गोविन्द विक**

**अहिलेको रेसियोमा संक्रमण फैलिदै जाने हो भने संक्रमणको अवस्था भयावह हुने दिन धेरै टाढा देखिदैन । संक्रमण नरोकिने कुरा विगतका घटनाहरूले संकेत गरिसकेका थिए । तर सरकारलाई यस विषयलाई कहिलै पनि छोएन ।**

विश्वभर आतंक मच्चाइरहेको कोरोना भाइरसले नेपालमा फेरि अत्याउन थालेको छ । अहिले नेपालमा कोरोना संक्रमितको दर उकालो लागिरहेको छ । विगतको भन्दा अहिलेको भाइरस निकै आक्रमक रहेको र विशेषगरी बालबालिका र वयष्कहरूलाई भाइरसले बढी मात्रामा समस्यामा परेको कुरा विज्ञहरूले बताइरहेका छन ।

छिमेकी मुलुक भारतमा संक्रमितको संख्या तिब्र वृद्धि भएसँगै यसको प्रत्यक्ष असर नेपालमा देखिन थालेको छ । यसरी भाइरस तिब्र रुपमा फैलिनुमा सरकारको चरम बेवास्ता र नागारिकको लापरवाही मुख्य कारणको रुपमा देखिदैछ ।

सरकारले विगतदेखि नै भाइरस रोकथामका लागि पर्याप्त उपायहरूको खोजी कहिलै गरेन । सरकारले विगतको सिकाइबाट पनि अहिले भाइरस रोकथामका लागि उपयुक्त उपायहरू पहिचान गरी जनतालाई ढुक्क पार्न सक्नु पर्थ्यो । हुन त कोरोना भाइरस विरुद्धको खोप लगाएकाहरूलाई पनि अहिले संक्रमित भएका खबरहरू छन । तर पनि कोरोना संक्रमणलाई नजरअन्दाज गरी लापरवाही गर्नु मुर्खता हो ।

अहिलेको रेसियोमा संक्रमण फैलिदै जाने हो भने संक्रमणको अवस्था भयावह हुने दिन धेरै टाढा देखिदैन । संक्रमण नरोकिने कुरा विगतका घटनाहरूले संकेत गरिसकेका थिए । तर सरकारलाई यस विषयलाई कहिलै पनि छोएन । वेसार पानी खाएर हाछिउ गर्दा भाइरस जान्छ भन्ने सरकार प्रमुखले यसबाट जनतालाई बचाउने उपायको चिन्ता के लिन्थे र । भिडभाड नगर्नु भन्ने आदेश सरकारले दिने अनि आफु चाही भौतिक दुरीको पनि ख्याल नगरी कार्यक्रम गर्दै हिंडने ?

सबैभन्दा पहिला सरकार आफैंले औपचारिक किसिमका कुनै पनि कार्यक्रम सभा सम्मेलन गर्नका लागि बन्द गर्नु पर्दछ । आफू चाही भिड जम्मा गर्दै भाषण ठोकेर हिंडने जनतालाई कार्यक्रम नगर भन्न मिल्दैन । यहि अवस्थामा संक्रमितहरूको संख्या बढेर कतिपय प्रदेशहरूमा बेडको अभाव हुन थालेका खबरहरू पनि त्यत्तिकै छन ।

जनतालाई समृद्धि दिनका लागि यहि सरकारको आवश्यक छ भन्ने सरकार प्रमुखले जनतालाई संक्रमणबाट बचाउन पर्याप्त मात्रामा आवश्यक जनशक्तीसहित भेन्टीलेटर आइसियु बेड तयार पार्नुपर्छ कि पर्दैन ? के सरकारलाई कुनै पनि समयमा कोरोनाले तिब्रता लिन्छ भन्ने कुरा थाहा थिए न र ? के अहिलेको अवस्था सरकारले प्रक्षेपण नगरेको हो र ?

विगतको अवस्थाले पनि सरकार आगामी दिनमा कस्तो तयारी गर्ने भन्ने कुरा सिकाइ सकेको हुनुपर्ने हो । सरकारको सम्पूर्ण ध्यान नै संक्रमण रोकथामका लागि तयारी गर्नुमा जानुपर्ने थियो । सरकारको काम भनेको भौतिक दुरी कायम गर्नु, मास्क लगाउनु भिडभाड नगर्नु, सेनीटाइजर प्रयोग गर्नु साबुन पानीले हात नियमित धुनु घर बाहिर नजानु भनेर सुचना दिने मात्र हो जस्तो भएको छ ।

सरकारले भिडभाड नगर्नु भने तापनि स्थानीय तहले त्यसको नियमन गर्ने बढी भिड हुने स्थानमा निगरानी गर्ने काम गरेको छैन । जसले गर्दा भिड नियन्त्रण भएको छैन । पहिला जुन गतिको मान्छेहरूको आवतजावत हुदै आएको थियो अहिले पनि त्यही गतिमा मान्छेहरूको भिड बाक्लिराखेको छ । मास्क नलगाइ हिड्नेहरूको संख्या बढिरहेको छ । कोरोना लागिहाले पनि सहज रुपमा निको हुन्छ भन्नेहरूको भिड निकै ठूलो छ जसले गर्दा कोरोना संक्रमण बढ्नका लागि बल पुगिरहेको छ ।

विवाह पाटी जमघट भेला जस्ता कार्यक्रमहरू निकै बाक्लो रुपमा सञ्चालन भइरहेका छन । स्थानीय तहले कुनै पनि तरिकाबाट नियमन नगर्दा संक्रमण दर उच्च हुने अवस्था टाढा छैन । कोरोना रोकथामका लागि सरकारको भर पर्नुभन्दा पनि जनता आफैं सचेत र सजग हुन जरुरी छ । कोरोनाबाट बच्नका लागि पालना गर्नुपर्ने सबै किसिमका मापदन्डहरू दिक्क नमानी कडाइ गरौं जसले गर्दा पहिला आफू र आफ्ना परिवारलाई जोगाउन सकिनेमा दुविधा छैन ।

सबैभन्दा पहिला आफैं सचेत हुन जरुरी छ । अरुले के गर्दैछ भन्ने कुराले अर्थ राख्दैन । आफूले चाही के गरे भन्ने कुराले निकै अर्थ राख्ने हुनाले अरुको खोजी गर्नुभन्दा पनि आफैले संक्रमण रोकथामका लागि पालना गर्नुपर्ने कुरामा दुविधा नमानी प्रिकसन अपनाउनु नै संक्रमणबाट जोगिने उपयुक्त उपाय हो ।

# खड्ग ओलीको प्रवृत्ति र उनका केही हस्तीहरू (२)

■ **सुदर्शन प्रधान**

व्यक्तिको व्यवहार भनेको उनको सिद्धान्त अनुरुप हुन्छ । राम्रो सिद्धान्तको रटना गर्ने तर कुरुप व्यवहार प्रर्दशन हुन्छ भने ती फोस्रा र ढोंगी हुन् । जस्तोकि राजतन्त्रात्मक पञ्चायती शाषकहरू शोषणरहित समाज र वर्ग विहीन समाजमा पुऱ्याउने भाषण गर्थ्यो तर त्यही वेला राजपरिवारले मुलुकको महत्वपुर्ण जग्गा जमिनहरू हजारौं विघा आफ्नो नाममा ल्याए ।पञ्चे मन्त्रिहरू र सत्ताका दलालहरूले देश र जनतालाई राणाहरूले झैं लुटपाट गरे ।

वर्तमान नेपालको प्रधानमन्त्री खड्ग प्रसाद ओली चाँही सुसाशन, भ्रष्टचार विरुद्ध सुन्य सहनसिलता र राष्ट्रको सम्वृध्दी र विकासको वकालत गर्छन । तर व्यावहारमा चाहीँ सात दशक सम्म नेपाली जनताले लडेर प्राप्त गरेको गणतन्त्रात्मक नेपालको संघीय संविधान नष्ट गर्न मनेमानी संसद विघटन गरी मध्यअवाधी निर्वाचनमा जाने घोषणा गर्छन् । भ्रष्टचारी मन्त्रीहरूको संरक्षण गर्छन्, कुनै बेला साधारण आर्थीक अवस्थाका यी ओली आफै पनि दशौं करोडको सम्पतिले मोटाउँछन् । नेपाली मजदुर किसानहरूको ठोस आर्थीक भौतिक कुराहरूको विकासमा निर्णायक भूमिका खेल्ने भुमी र अरु उत्पादनका साधनहरू मा ठोस नीतिहरू ल्याउदै नन् बरु जमिन्दार, दलाल पुँजीपति र तस्करहरूको संरक्षण गर्नु त्यसका प्रमाणहरू हुन् । अब हामी खड्ग ओलीको असली कोही प्रतिनिधीहरूका कर्महरूवारे नजर दिऔं ।

प्रथम-राष्ट्रपति विद्यादेवि भण्डारीले २०७७ चैत्रको सुरुतिर भने "कोरोनाको यो माहामारीमा देशको सम्पुर्ण जनता ले भ्याक्सीन लगाएपछिमात्र मलाई उक्त

**वर्तमान नेपालको प्रधानमन्त्री खड्ग प्रसाद ओली चाँही सुसाशन, भ्रष्टचार विरूद्ध सुन्य सहनसिलता र राष्ट्रको सम्वृध्दी र विकासको वकालत गर्छन । तर व्यावहारमा चाहीँ सात दशक सम्म नेपाली जनताले लडेर प्राप्त गरेको गणतन्त्रात्मक नेपालको संघीय संविधान नष्ट गर्न मनेमानी संसद विघटन गरी मध्यअवाधी निर्वाचनमा जाने घोषणा गर्छन् ।**

भ्याक्सीन लगाउन मन थियो तर छिटै विदेश भ्रमण गर्न पर्ने भएकाले नचाहेर पनि भ्याक्सीन लगाउन पऱ्यो ...।"

रेडीयो नेपाल र नेपाल टि. भि. ले यो समाचारलाई प्राथमिकतामा राखी निक्कै प्रचार प्रसार गऱ्यो कुर राणाशासन र राजतन्त्रात्मक पंचायति शासकहरूका जयगानगर्ने प्रवृत्ति र पराम्परा भएको नेपालको संचार माध्यमका कर्मीहरूले पनि त्यसलाई फुक्नु स्वभाविक हो । तर यथार्थमा विद्यादेविको शब्दहरू ढोगी र पाखण्डीपन हुन किनकी "सम्पूर्ण नेपाली जनताले कोरनाको भ्याक्सीन लगाएपछी मात्र मलाई उक्त भ्याक्सिन लगाउन मन थियो ........।भन्ने शब्दले विद्या भण्डारीलाई नेपाली जनताप्रति असीम मायाँ र स्नेह भएको भाव झल्कन्छ । तर वास्तविकतामा काठमाण्डौमा तिनको सवारी हुँदा घण्टौ सम्म लाखौं जनताका गाडीवाहानहरू रोकेर ट्राफिक प्रहरीहरूले परपिडा दिन्छन् । तिन करोड भन्दा धेरै मुल्य पर्ने गाडीमा चढेर सवार गर्छीन् । तिनले किन भन्न नसकेका",....... म एक साधरण आर्थीक अवस्थावाट आएको व्यक्ति हुँ, मेरो कारणले कुनै व्यक्तिले पनि दुख पाउनु मै मथि अन्याय हो । बाहन पनि साधरणनै होस ! युद्ध संग्रामबाट नेता भएको र राष्ट्रपति पद पाएको हैन मैले तसर्थ म माथी कसैकोपनि खतरा छैन यतिधेरै सुरक्षा गाडी चाहीदैन मलाई न त यती ठुलो कम्पाउण्ड विस्तार..."

कोरोना भ्याक्सिनको सवाल त जुन व्यक्ति धेरै मानिसहरूको संमार्कमा आउछन् । ती सबैले प्राथमिकता पाउनुपर्ने र उमेर हुदाको कुरापनि हो । राजा ज्ञनेन्द्रले सन् २०२ मा के गरे तानाशाही साशन सञ्चालनको विरुद्धमा आन्दोलनमा उत्रक्ष तत्कालीन विद्यार्थी नेतृ रामकुमारी झाँक्री प्रहरीको लठ्ठीवाट रक्तम्य वनेकी थीईन । सन् २०२१ को अन्तती खड्ग ओलीको संसद विघटनको प्रस्ताव र राष्ट्रपति विद्यादेवि भण्डारीले आँखा चिम्लेर तुरुन्त सदर गरीएको घटनालाई लिएर नेतृ रामकुमारीले भनिन् " यदि तपाईलाई राजनितिगर्ने मन भए चुनावको मैदानमा आउनुहोस् । खड्ग ओलीको कठपुतली झै नवन्नुस... ।" हुनपनि विद्यादेवीभण्डारीको राष्ट्रपति पदको पछाडी हजारौं र लाखौं नेपाली कान्तीकारी जनता र योध्दाहरूको पसिना रगत र आँसु को मुल्य छ । जुन सम्पुर्णकुराहरूलाई तिनले तिलाजली दिदै खड्ग ओलीको मात्र भूमिका देखीरहेछ । तसर्थ आगामी दिनहरूमा राष्ट्रपति जस्तो राष्ट्रको गरिमापुर्ण पद प्राप्त गर्न विशेष मापदण्डहरू वनाउनै पर्ने देखिन्छ ।

*(क्रमशः)*

# मैले देखेको १६६ औं विश्व पर्यटकीय केन्द्र
# जर्मनीस्थित आखन शहरको सिटिहल

सुरेन्द्र ढकाल

अमेरिकाको एलिनोइ र इण्डियानाको पर्यटकीय स्थल अवलोकन गरेपछि जुलाई १६ को दिन एरिकको घर महामेटमै आराम गरी उसको सानो घाँस काट्ने कार चलाई दिउँसो करिब एक घण्टा जति चौरको घाँसकाटी आफूलाई त्यसमै ब्यस्त राखेँ र भोलिपल्ट १७ जुलाईको दिन बिहानै नेपाल फर्कने क्रममा म सिकागोबाट एटलान्टा उडी अनि त्यहाँबाट फ्रान्कफर्ट हुँदै १८ जुलाईको बेलुका म काठमाडौं फर्कें र त्यसपछि फेरि केही महिनाको लागि मेरो यात्राले विश्राम लियो। त्यतिखेर गलैंचा निकासीकर्ता संघको कार्यकारी सल्लाहकारको अतिरिक्त म बालविकास समाज नामक एक गैरसरकारी सामाजिक संस्थाको महासचिव पनि थिएँ। मेरै नेतृत्वमा जर्मनी र नेपालमा कोष संकलन गरी हामीले कपन फैकास्थित सरकारी जग्गामा स्थानीय कपन गाविसको अनुमति लिएर बाल विकास समाज, बालकुमारी विद्यालयको संयुक्त भवन निर्माण गरेका थियौं। त्यसै भवन निर्माणको अन्तिम प्रतिवेदन बुझाउन म जनवरी २००८ को १९ तारिखका दिन जर्मनीको आखन शहर पुगेको थिएँ।

जर्मनीको दात्री संस्था मिजेरर र किण्डर मिसन भेर्कका पदाधिकारीहरूलाई आखनमा भेटी लेखापरीक्षण प्रतिवेदन बुझाएपछि दुई बजेबाट म फुक्का भएँ। त्यही समय आखन शहरको सिटि हल र क्याथेड्रल अवलोकन गर्न भनी म त्यतातिर लागेँ।

**आखनको सिटी हल**

यो सिटिहल आखन शहरको पुरानो भागमा अवस्थित रहेको विश्व साँस्कृतिक महत्वको भवन रहेछ। गोथिक शैलीमा निर्माण भएको यस भवन १४औं शताब्दिको आधाआधीतिर नगर प्रमुख गेरहार्ड कोरुसको नेतृत्वमा बनेको रहेछ। पवित्र रोमन सम्राटको राज्याभिषेकको भोज यसै भवनमा सम्पन्न भएको रहेछ। यस भवनको हल शहरको प्रसाशकीय भवनको रुपमा प्रयोग हुँदै आइरहेको र यसै भवनको ग्रानुस टावरको छिडिमा हातहतियार र खरखजाना भण्डार गर्ने गरिएको र कुनै बेला जेलको लागि पनि त्यो छिँडी प्रयोग गरिएको रहेछ।

सन १३८० देखि वादशाहको भ्याङको प्रवेशद्वारलाई सिधै लगेर राज्याभिषेक हलमा जोडिएको रहेछ। त्यस क्रममा चुनले पोतेर भ्याङको दुवैतिर सिंगारी बाइबलमा उल्लेख भएको मागीको सिंगार (Adoration of the Magi) भनिने चुन ढुंगाले बनेका तीन राजा र एक मादोन्ना मूर्ति सजाइएको रहेछ।

सन १७९८ ताका फ्रेन्चहरूको बोलवाला भएको बेलामा यी मूर्तिहरू आंशिक रुपमा तोड्ने कोसिस गरिएको रहेछ तैपनि मूर्ति फुटाल्दा आएका टुक्राहरू समेत प्रवेश द्वारकोसँगै संरक्षण गरिएको रहेछ। त्यहाँ भएका कलाहरूलाई मध्यकालिन सन १८७९ मा गोटफ्रिड गोएटिङका कलाबाट विस्थापन गरिएको रहेछ।

इतिहास खोतल्दै जाँदा यस भवनको छानाको केही भाग सन् १६५६ को आगलागिबाट जलेर खरानी भएको कारण पछि वारोक शैलीमा छानाको पुनर्निर्माण भएको रहेछ। त्यस क्रममा आर्किटेक्ट जोशेफ कुभेनले भवनको अगाडिको मोहडा र प्रवेश द्वारको भ्याङलाई नयाँ रुप दिएका रहेछन्। भवनभित्रका ब्हाइटहललाई हेर्दा कसरी भवनको मोहडाको रुपान्तरण भएको रहेछ भन्ने सन्देश दिँदो रहेछ। यो ब्हाइट हल मध्यकालमा कपडाको गुणस्तर परिक्षण र मापन गर्ने न्यायाधीसहरूको कार्यस्थल भए तापनि कालान्तरमा आखनको नगर प्रमुखको कार्यालय बन्न पुगेको रहेछ।

अष्ट्रियाको गद्यी उत्तराधिकारको कारण भएको युद्धपछिको शान्तिवार्ता र सन्धि यही हलमा भएको कारण यस हललाई पछि शान्ति कक्ष (Peace Hall) पनि भनिँदो रहेछ। त्यहाँ शान्तिवार्तामा सहभागी राजदुतहरूको फोटो भवनको विभिन्न ठाउँको भित्ताहरूमा झुण्डाइएको रहेछ।

पछि १९औं शताब्दिमा फ्रान्सका सैनिक शासक नेपोलियनको कब्जा यो भवन गएपछि सन १८४० सम्म यो भवन वेवारिसी बनी भत्किने अवस्थामा पुगेको रहेछ। पछि आर्कटेक्ट फ्रेड्रिख जोशेफको नेतृत्वमा यस भवनको गोथिक शैलीको विशेषतालाई जोगाउँदै जिर्णोद्धार भएको रहेछ। भवनको अगाडिको मोहडा जुन बजारतर्फ फर्केको छ त्यहाँ आखनको ५० वटा राजाहरूको मूर्तिले सिंगारिएको रहेछ जसलाई मान्छेहरू त्यतिखेरको कला विज्ञान र क्रिश्चियन धर्मको प्रतिकको रुपमा मानिदो रहेछ।

राज्याभिषेक हलको भित्ता पछि १८६१ तिर गएर आल्फ्रेड रेथलको फ्रेस्को पेन्टिङले सिंगारिएको रहेछ। यी पेन्टिङहरूलाई जर्मन रोमान्टीसिजम कालको महत्वपूर्ण कला मानिदो रहेछ। पछि पुनः सन १८८३ मा यस भवन आगलागीको चपेटामा पर्न पुगे तापनि राज्याभिषेक हल आगलागीबाट जागिएको रहेछ। आगलागिबाट खरानी भएको यस भवन केही भागलाई पुरानै अवस्था जिर्णोद्धार गर्न भनी सन १८८४ मा आर्किटेक्टहरूको बढाबढको प्रस्ताव आब्हान गरिएको रहेछ।

१३ वटा प्रस्ताव आएकोमा भवन र टावर पुनर्निर्माणको जिम्मा गेओर्ग फ्रेन्टजेन, मूर्तिहरूको मर्मतको कार्यको जिम्मा जोसेफ लाउरेन्टले पाएका रहेछन्। त्यसै क्रममा सन १३७२ देखि १३८५ सम्मका आखन नगर प्रमुखहरूको मूर्तिहरू सभाहलको पछाडिको झ्यालका बार्दलीहरूमा जडान गरिएको रहेछ। १८ वर्ष लगाएर गरिएको जिर्णोद्धारपश्चात यस भवनको उद्घाटन १९०२ को जुन महिनामा जर्मन सम्राट काइजर विलियम द्वितीयको उपस्थितिमा गरिएको रहेछ। प्रथम विश्व युद्धको बमप्रहारबाट राम्रै जोगिएको यस भवन राइन गणतान्त्रिक विखण्डनकारी समूहको आक्रमणको निशान बनेको कारण भवनको भित्री भाग तोडफोड भएको रहेछ। दास्रो विश्वयुद्धमा भने वैरीको वमप्रहारबाट भवनका छाना, दुवै टावर र राज्याभिषेक हल नराम्ररी क्षतिग्रस्त भएको रहेछ।

तत्पश्चात शुरु भएको यस भवनको जिणोंद्धार भने सन १९५३ मा र टावरहरूको गजुर सन १९७८ निर्माण सम्पन्न गरिएको रहेछ। यस भवनको मुख्य आर्कषण भनेको राज्याभिषेक हलमा प्रदर्शनमा राखिएको पवित्र रोमन सम्राटको श्री पेच र राजदण्ड रहेछ। करिब ३ घण्टाजति भवनको भित्री भाग र परिसरको अवलोकन गरी म आफू बसको चर्च गेष्ट हाउस फर्किएँ।



सिटी हलको भित्री भाग यस्तो रहेछ



सिटी हल भित्रको मागी पेन्टिङ यस्तो रहेछ



सिटी हलको बाहिरपट्टिको भित्तामा सजाइएको राजाका मूर्तिहरू



दुवै टावरसहितको आखनको सिटी हल अगाडिबाट यस्तो देखिन्छ



हलमा रहेको चुनढंगाले बनेको तीन राजा र मादोन्नाको मूर्ति




राज्यभिषेक हलमा प्रदर्शनमा राखिएको पवित्र रोमन सम्राटको श्रीपेच र राजदण्ड



मित्र एरिकको घरअगाडिको चौरमा कारबाट घाँस काट्दै सुरेन्द्र १६ जुलाई, २००७ मा

# नेपाली कम्युनिस्ट लिगको स्थापना–५




■ शम्भुराम श्रेष्ठ

यसरी भारतीय विस्तारवाद र सम्पूर्ण नेपाली राष्ट्रबीचको अन्तरविरोध एउटा यस्तो अन्तरविरोध भएको छ जसले सामन्तवाद र समस्त नेपाली जनताबीचको अन्तरविरोध लगायत अरु सबै आन्तरिक अन्तरविरोधहरूलाई प्रभाव पार्दै तीव्र पारिदिने गर्छ । अत: भारतीय विस्तारवादलाई सम्भव भएसम्म चाँडो राष्ट्रिय क्रान्तिद्वारा पराजित गर्नु नेपाली जनताको आजको सबभन्दा जरुरी काम भएको छ किनभने त्यसलाई पराजित नगरी हामीहरूले न त आफ्नो मातृभूमि नेपाललाई अर्धऔपनिवेशिक पराधीनताबाट मुक्त गर्न सक्नेछौं न त युगौंयुगदेखि नेपाली समाजको विकासको बाटोमा तगारो भइबसेको सामन्तवादलाई जरैदेखि उखेलेर फाल्न नै सक्नेछौं । यसका लागि हामीहरूले देशका तमाम किसान र अन्य श्रमजीवी जनसमुदायलाई भारतीय विस्तारवाद विरुद्ध परिचालन गर्दै संगठित पार्दै राष्ट्रिय क्रान्तिकारी संघर्षमा उतार्नु परेको छ किनभने भारतीय विस्तारवाद र सामन्तवाद विरुद्धको संघर्षको सबभन्दा ठूलो र निर्णायक शक्ति नै किसानहरूको शक्ति हो । अत: देशका तमाम किसानहरूलाई भारतीय विस्तारवाद र सामन्तवादविरुद्ध देशव्यापी संघर्षमा उतारेर मात्रै हामीहरूले भारतीय विस्तारवादमाथि विजय हासिल गर्न र समन्तवादलाई जरैदेखि उन्मूलन गर्न सक्नेछौं र अर्धऔपनिवेशिक तथा अर्धसामन्ती अवस्थामा रहेको नेपाललाई मुक्त गरी पूर्णरुपले स्वाधीन, समृद्धशाली, नयाँ जनवादी नेपालमा रुपान्तर गर्न सक्नेछौं ।

भारतीय विस्तारवाद विरुद्धको राष्ट्रिय क्रान्तिबाहेक पनि नेपालमा अर्को एउटा राष्ट्रिय क्रान्तिको आवश्यकता भएको छ, त्यो हो नेपालको खास जातिको माथिल्लो तप्काको जातिवादी सामन्तहरूको अन्धराष्ट्रवाद विरुद्धको र नेपालका सबै जाति जनजातिहरू र तिनीहरूका भाषाहरूको समान अधिकार, समान मान्यता र समान प्रोत्साहन निम्तिको राष्ट्रिय क्रान्ति चाहिएको छ, किनभने नेपाल एउटा बहुजातीय तथा बहुभाषिक मुलुक हो ।

माथिका यिनै सब कुराहरूलाई ध्यानमा राखेर नेपाली कम्युनिस्ट लिगले आफ्नो न्यूनतम अर्थात् वर्तमान नेपाली क्रान्तिको कार्यक्रम तमाम नेपाली जनतासमक्ष राख्छ जो यसप्रकार छ :

१ (क) राष्ट्रिय जनतान्त्रिक क्रान्तिद्वारा भारतीय विस्तारवाद र सामन्ती प्रतिक्रियावादी राजसत्तामाथि विजय हासिल गरी नेपालमा मजदुर वर्गको नेतृत्वमा र मजदुर किसान एकताको आधारमा नयाँ जनवादी राज्य स्थापना गर्ने :

(ख) सामन्ती जग्गाधनीहरूको स्वामित्वमा रहेका तमाम जग्गा जमिन र खेती औजारहरू बिना मुआब्जा जफत गरी गरिब तथा खेतहीन किसानहरूमा वितरण गर्ने : कृषि उत्पादनको निम्ति खेतीपातीको वैज्ञानिकीकरण र यान्त्रीकरणको निम्ति चाहिने खेतीको चाक्ला निर्धारण गरी सहयोगी, सामूहिक तथा सहकारी खेती प्रणाली स्थापना गर्ने,

ग. भारतीय विस्तारवादी पुँजीपतिहरूको एजेन्टको रुपमा कार्यरत दलाल पुँजीपतिहरूको सम्पूर्ण कारोबारलाई राष्ट्रियकरण गर्ने,

घ. सरकारी ओहोदाको दुरुपयोग गरी नाजायज रुपले वाणिज्य व्यापार र उद्योग चलाएर धन सम्पत्ति जोडेर बसेका नोकरशाही पुँजीपतिहरूको सम्पूर्ण सम्पत्ति जफत गर्ने,

२. क. प्रादेशिक भूमिको दृष्टिकोणले सानै भए तापनि नेपाल एक बहुजातीय तथा बहुभाषिक मुलुक भएको तथ्यलाई बेवास्ता र अवहेलना गरी एउटा जाति विशेष र त्यसका भाषालाई मात्र सरकारी भाषा (राष्ट्र भाषा) हुने विशेषाधिकार प्रदान गरी अरु बाँकी सबै जाति जनजातिहरू र तिनीहरूका भाषाहरूलाई दोस्रो दर्जामा राखी आएको पक्षपातपूर्ण नीतिको अन्त्य गर्ने र सबै जाति जनजातिहरू र तिनीहरूका भाषाहरूलाई समान अधिकार समान मान्यता र समान प्रोत्साहन प्रदान गरी स्वस्थ राष्ट्रिय एकता निर्माण गर्ने,

ख.जनप्रतिनिधि सदन र जातीय सदन गरी समान अधिकारका दुई सदनको व्यवस्थापिकाको व्यवस्था गर्ने,

ग. सबै जाति जनजातिहरूलाई स्वशासन प्रदान गर्ने ।

घ. नेपालसँग बराबरीको आधारमा व्यवहार गर्न चाहने मुलुकसँग नेपालले मैत्रीपूर्ण सम्बन्ध राख्नेछ, आदि इत्यादि ।

हुन त माथि उल्लिखित राष्ट्रिय जनतान्त्रिक क्रान्ति वर्ग चरित्रको दृष्टिकोणले पुँजीवादी क्रान्ति नै हो तर पनि त्यसलाई पूरा गर्नु पुँजीपति वर्गलाई भन्दा मजदुर वर्गलाई नै बढ्ता आवश्यक छ । किनभने पुँजीवादी क्रान्ति पूरा भएपछि मात्र सर्वहारा समाजवादी क्रान्तिको निम्ति नभई नहुने सामाजिक आधार तयार हुन्छ जति चाँडो पुँजीवादी क्रान्ति पूरा हुन्छ उति नै चाँडो मजदुर वर्गको मुक्तिको दिन नजिकिन्छ । त्यही कारणले पुँजीपति वर्ग वास्तवमा पुँजीवादी क्रान्तिलाई पूरा गर्ने पक्षमा हुँदैन ।

## कविता: मेरो सवारी



● प्रेम ओली
(ढकलपुरे)

मेरो सवारी होस् त यस्तो होस
महाराजाधिराजाको जस्तो होस
गाडी घोडा मान्छे जहाँको त्यही ठप्प हौन
यो देखेर बिदेशीपाहुनापनि छक्क हौन
गाडीका यात्रुले घन्टौ कुरुन
मान्छेले मेरो सवारी पेटिबाट हैन
घरका छतछतबाट नै हेरोन
सुतकेरिको ब्यथालागेको भएपनि सडकमै छटपटाइ रहोन
मर्न लागेको बिरामीभएपनियम्बुलेन्समै दाँत किटकिटाइ रहोन
मेरो सवारी यस्तो होस, बादशाहको जस्तो होस ।

हिड्दा हिड्दैको मान्छे जहाँको तही टक्क अडियोस
आउँदाआउँदैको गाडी जताबाट आको हो उतै फर्कियोस
कसैको पिलेन छुटोस कसैको प्राणै छुटोस
स्कूलजाने बिद्यार्थी ढिला हुँदाशिक्षकले किन न कुटोस
गाडीहरूको एक किलोमिटर लामलागोस
शहरमाजताकतै जामलागोस
मलाई अरु देशको राष्ट्र प्रमुखले जस्तो गर्नु छैन
उनिहरूले जस्तो साइकल, बस चड्नु छैन
मलाई त राजामहाराजाको जस्तो शान चाहिन्छ
अगाडि पछाडि साइरन बजाउने बहान चाहिन्छ
फेरी यस्तो मान युरोप अमेरिका तिर कहाँपाईन्छ ?
पाईन्छ त यो, हाम्रै देशमामात्रपाईन्छ ।

यो सँस्कारलाई त हजारौ बर्षसम्मबचाउनु पर्छ
प्रियजनता, यसलाई सास्तीठान्नु भएन
यस्तो कुरा त मजाले पचाउनु पर्छ
यस्तो सँस्कारलाई त हजारौ बर्षसम्मबचाउनु पर्छ ।

## पत्थरचट्टाको औषधीय गुण



पत्थरचट्टा यस्तो वनस्पति हो जो पातको माध्यमबाट पुनरुत्पादित हुने गर्छ । यो निकै औषधिजन्य गुण भएको जडीबुटी हो । यस वनस्पतिका औषधीय गुणहरू धेरै छन् ।

पत्थरचट्टाको पात दिनको २-३ वटा सेवन गर्नाले मूत्र थैली र मृगौला पत्थरीका लागि अत्यन्त लाभ मिल्नेछ । यसले पिसाब खुलाउने, कलेजो क्षति संरक्षण गर्ने, जीवाणु संक्रमणबाट बचाउने, रोग प्रतिरोधात्मक क्षमता भएको, छारे रोग, मधुमेह, अलसर, आन्द्राको समस्या, दम महिनावारी गडबडी आँखाको समस्या, कानको समस्या, क्षयरोग, खोकी, जन्डिस, निमोनिया, स्वास प्रस्वासको समस्या, रगत रोकथाम गर्न, छालाको समस्या, चाया परेमा, झाडापखाला निको पार्न, दुखाइ कम गर्न, पेट फुल्ने समस्या, पाइल्स, उच्च रक्तचापका लागि, बिजेको काँडा निकाल्न पत्थरचट्टा एक अमूल्य औषधि हो ।

## इम्युनिटी पावर बढाउन पालुंगोको साग



हरियो साग सबै भन्दा स्वस्थ्य खाद्य सामग्री मानिन्छ । बिरामी अवस्थामा समेत साग खानु स्वास्थ्यका लागि राम्रो मानिन्छ । साग मध्ये पनि पालुंगोको साग 'सुपरफुड' मानिन्छ । पालुंगोमा क्यालोरी थोरै भएपनि पोषक तत्व धेरै हुन्छ । पालुंगोको सागमा क्याल्सियम, म्याग्नेसियम र आइरन पाइन्छ । यसको नियमित सेवनले छाला, कपाल र हड्डी बलियो हुन्छ ।

पालुंगोमा पाईने भिटामिन ए ले स्वास प्रस्वासका बिरामीलाई राम्रो गर्छ । हरेक दिन सानो कचौराको एक कचौरा साग खाँदा इम्युनिटी पावर बढछ र शरीर फुर्तिलो हुन्छ । पालुंगोमा उच्च मात्रामा पोटाशियम पाइन्छ । ब्लड प्रेशर उच्च भएकाहरूलाई यसको सेवनले ब्लडप्रेशर सन्तुलनमा ल्याउन काम गर्छ । पोटाशियमले शरीरमा भएको सोडियमको मात्रा कम गराउन भुमिका खेल्छ ।

पालुंगोमा क्यालोरी थोरै भएपनि पोषक तत्व धेरै हुन्छ । पालुंगोको सागमा क्याल्सियम, म्याग्नेसियम र आइरन पाइन्छ । यसको नियमित सेवनले छाला, कपाल र हड्डी बलियो हुन्छ


पालुंगोमा हुने जक्सथिन र केरोटीनोडले शरीरमा हुने बिकारयुक्त तत्वलाई बाहिर निकाल्न सघाउ पुर्याउछ । शरीरमा उत्पादन हुने रेडिकल्सले क्यान्सरको जन्मगराउन सक्छ । पालुंगोले ति तत्वलाई बाहिर निकालिदिन्छ ।

पालुंगोमा हुने भिटामिन के हड्डीका लागि निकै राम्रो मानिन्छ । एक कचौरा पालुंगोमा २५० मिलिग्राम क्याल्सियम पाइन्छ । नियमित पालुंगो खाँदा दाँतको समस्या हुँदैन भने हड्डी भाँचिने सम्भावना पनि कम हुन्छ ।

पालुंगोमा पाइने एन्टी अक्सीडेन्ड आँखाका लागि निकै राम्रो मानिन्छ । मोतिबिन्दुलगायत आँखामा लाग्ने अन्य समस्या समाधानमा पनि पालुंगोले भुमिका खेल्छ । पालुंगोमा पाईने भिटामिन ए ले आँखाको झिल्लीलाई मजबुत बनाउछ । पालुंगोमा क्यालोरी कम हुने र फाइबरको मात्रा बढी हुने भएकाले पनि मोटो मान्छेका लागि फलदायी हुन्छ ।

## नियात्रा: वाराणसी सम्मेलनका अन्तर्गाथा

- रामप्रसाद पन्त




१. प्रस्थानपत्र

संयोग सितिमिति आउँदैन, प्राप्त संयोगलाई सदुपयोग गर्न सकियो भने त्यसले दूरगामी परिणाम दिँदो रहेछ भन्ने कुरा बुझ्दै छु म यस बेला ।

त्रिशूली सम्मेलन नभइसकेको भए वाराणसी सम्मेलन हुने थिएन, भए पनि यति चाँडो हुने थिएन । यसर्थ भन्नुपर्छ, त्रिशूली सम्मेलन एउटा संयोग थियो ।

यस प्रकृतिका सम्मेलन हुनका लागि श्रीराम श्रेष्ठजस्ता मानिस पनि चाहिँदा रहेछन् । तर विश्वासमा ह्रास आयो भने तत्प्रवृत्तिले विपत्ति पनि निम्तिँदो रहेछ । यसैको पूर्णपाठ पढियो वाराणसीमा । आँट गरियो र मात्र पो, नत्र बित्यास परिसकेको ।

सन्दर्भ थियो वाराणसी यात्राको र दिन थियो २०७३ साल फागुन संक्रान्तिको । संयोजन थियो नेपाल साहित्यिक पत्रकार संघको र सम्मेलन थियो संघकै ।

संयोगै संयोगको सम्मेलन थियो– नेपाल साहित्यिक पत्रकार संघको । आठको विशेष संयोग परेको थियो त्यस सम्मेलनमा । संघका अगुवा हुनुहुन्थ्यो अभिव्यक्तिका सम्पादक ८० बर्से पठ्ठा नगेन्द्रराज शर्मा । सम्मानित हुने व्यक्तित्व हुनुहुन्थ्यो आठ दशकको यात्रा गरिरहेका उदयका सम्पादक ७८ बर्से जवान दुर्गाप्रसाद श्रेष्ठ र रचनाकासम्पादक७६ बर्से तन्नेरी रोचक घिमिरे ।

विक्रमाब्द १९९३ देखि सञ्चालन हुँदै आएको उदय र २०१८ सालदेखि सञ्चालन हुँदै आएको रचना पत्रिकालाई जीवन्त बनाइराख्ने सम्पादकलाई जवान वा तन्नेरी नभनेर के भन्ने त ?उदयलाई असी अङ्कसम्मको यात्रा गराउने काशी बहादुरको बिडोलाई थामेर पुत्र दुर्गाप्रसादले अर्को असी नघाउनुभएको थियो भने रचनालाई रोचक एक्लैले ५५ वर्षको अवधिमा १४६ अङ्क कटाउनुभएको थियो । साहित्यिक पत्रिकाका यी संवाहकहरूको सम्मानको अलावा 'नेपाली साहित्यिक पत्रिकारिताको विकासमा बनारसको योगदान' नामक कार्यपत्र प्रस्तुतिको कार्यक्रम पनि राखिएको थियो ।

एक पन्थ दुई काज अर्थात् नेपाली साहित्यिक पत्रकारिता सम्बन्धी सम्मेलन र वाराणसी दर्शन गर्ने सौभाग्य मिलेको थियो सहभागी सहयात्रीहरूलाई ।

काठमाडौंको कुनाकाप्चाबाट हामी भेला भएका थियौं स्वयम्भूको ट्राफिक चोकमा अपराह्न छ बजेदेखि साढे छ बजेसम्म । तर नवराज पुडासैनी भने बाटोको जामलाई दोषी बनाएर उपस्थित हुन सकिराख्नुभएको थिएन सात बजेसम्म । बस प्रस्थानको समय पनि त्यही थियो साते बजे । उहाँ आएपछि हाम्रो यात्रादल २३ जनाको भएको थियो । कलङ्कीबाट एक जना र नारायणघाटबाट दुई जना थपिएपछि हाम्रो यात्रा दल हुन्थ्यो २६ जनाको ।

नेपालदेखि भारत चल्ने अन्तर्राष्ट्रिय बस सेवा भएर पनि के गर्ने ! चलाउने त नेपाली नै हुन् र वाहन पनि नेपालकै हो । जाबो आधा घण्टा कुन ठूलो कुरा भयो र ? हामी नेपाल-भारत मैत्री बस सेवा नामक बस काउन्टरमा घन्किएको 'ॐ मने पेमे हुम्' भजन मालालाई कानमा सिउरेर बसिरह्यौं साढे सातसम्म । नेपाल-भारत मैत्री बससेवा लेखिएको बसले गति लियो आधा घण्टा ढिलो गरेर ।

एयर कण्डिसनयुक्त बससेवा रे ! लामो दूरीको यात्रामा एसी आवश्यक हुन्छ पनि । तर खोई त ? कन्डक्टर भन्दै छ – सिष्टम बिग्रेको छ । प्राय: एसीको नाम बेचेर व्यापार गर्नेहरू सबै यसै भन्छन् । बिग्रियो या बिगारियो ? हामीले कसरी बुझ्ने ? चलेन कुरै सिद्धियो । सोझासाझा ठगिने यसैगरी हो । यसरी नै चलेको छ देश । देशकै सिष्टम ठिक छैन भने बसको के कुरा ?

हामीले बलजफ्ती गरेनौं ।

रातको समय के हेर्नुथियो र बाहिर ! हेर्न नपाएको चिन्ता पनि थिएन मलाई । प्राय: सबैलाई । नागढुङ्गा-बेलहिया नपुगेको मानिस हाम्रो यात्रादलमा सायद कोही थिएन कि! एउटा सिनेमा सकिँदा मुग्लिङ पुगिएछ । साढे एघार बजे हामीले त्यहीं रात्री भोजन गर्‍यौं दीपा रेष्टुराँमा ।

नवलपरासीको भूमहीबाट बस बुटवलतिर नलागेर सिधै हान्निएछ भैरहवा र भैरहवा बजारमा पनि नपसेर भित्रभित्रैबाट पुगेछ – लुम्बिनी स्वामीनारायाण टुर्स एण्ड ट्राभल्स बेलहिया ।

समय बिहानको साढे चार भएको थियो । छ बजेअघि बेलहिया नाका खुल्दैन रे ! के गरेर बस्ने त डेढ घण्टा ? हामी बसबाट ओर्लियौं र त्यहीं नजिकैको चिया पसलमा पसेर मुख प्रक्षालन गरी चिया बिस्कुट खायौं । त्यहाँको रेडियोमा पनि स्वयम्भूमा जस्तै 'ॐ मेने पेमे हुम्' नै घन्किरहेको थियो । हामी हिन्दू बौद्ध दुवैलाई सम्मान गर्ने प्रवृतिका व्यक्तित्वहरू थियौं, त्यसैले कसैलाई फरक पारेन त्यस भजनले । प्रतीक्षाको त्यही मौका छोपेर आपतकालीन अवस्थामा रहेका कसैले प्रात:क्रिया पनि सम्पन्न गर्न भ्याए ।

छ बज्यो, सुनौली नाका खुल्यो । हामी नेपालको सुनौलीबाट भारतको सोनौली प्रवेश गर्‍यौं, अर्थात् भारतीय आव्रजन कार्यालय सोनौली महाराजगन्ज । नेपालका साहित्यिक पत्रकार भनेपछि भारतीय पुलिसले पनि अलिकति कदर गर्‍यो । हामी छब्बीस जनाको परिचयपत्र हेर्‍यो, झोला जाँच गर्‍यो, बसबाट झारेर लाइनमा लगाएन । तर हामीसँगै बसेका तीन जना खैरेहरू र अरु पाँच जना भारतीय-नेपालीहरूलाई लाइनमा लगाएर झोला र शरीर जाँच गर्‍यो ।

मैले बुझेको कुरा के थियो भने भारतीय पुलिसले जाँचपडताल गरिसकेपछि खाली हात फर्कँदैन । हो, हामीसँग पत्रपत्रिका र लुगाफाटो बाहेक केही भेटेन र अरुबाट पनि प्रश्नचिह्न लाग्ने कुनै सामान फेला पारेन । रित्तो हात पनि त जानुभएन । त्यसै भएर होला उसले दुईवटा शिलबन्दी पानीका बोतल हातमा झुन्डायो र बसबाट ओर्लियो ।

अब हामी भारतीय भूमिमा गुड्न थाल्यौं । सीमाक्षेत्रको भारतीय भू-भाग नेपालकै जस्तो त हो । साँच्चै भनौं भने अझ फोहोर । तर किन हो मौसममा अचम्मकै परिवर्तन देखियो । हुस्सुले एकाएक आकाशदेखि जमिनसम्म ढाक्यो र बसको गति नै घटाइदियो ।

खुल्ला सीमा भए पनि विदेश त आखिर विदेश नै हो । विदेश प्रवेश गरेपछि विदेशी चर्चा हुने नै भयो । भारतीय प्रधानमन्त्री मोदीका कुरा उठे, उनले नेपालप्रति अपनाएका रवैयाका चर्चाहरू भए । यादव भट्टराईको मत रह्यो – 'अब पासपोर्ट लागु गर्नुपर्छ । नभए हाम्रो देश कहिल्यै उँभो लान सक्तैन । हाम्रा सबैजसो कृषि उपजहरू यिनीहरूले आफ्ना मौलिक उपज भनेर दर्ता गराइसके । बुद्धलाई आफ्नो बनाउन खोज्दै छन् । हामी अब चुप लागेर बस्नुहुन्न ।'

अमेरिकी राष्ट्रपति ट्रम्पको नाम पनि लिए कसैले । ट्रम्पले ठिक गर्‍यो– 'आफ्नै देशमा जाऊ र आफ्नै देशमा कमाएर खाऊ ।' हो, वास्तवमा हाम्रै भूमि उर्वर छ, हाम्रै पृथ्वी शस्यशालिनी छन् । आफ्नै देशमा त्यही काम गर्न हामीलाई लाज लाग्छ, विदेशमा गएर त्यही काम हामी गर्वसाथ गर्छौं ।

बेलहिया नाकातिर फर्केर लाइन लागेका हजारौं हजार ट्रकहरू देख्दै छौं हामी । जति गुडे पनि छुट्तैन ट्रकको लाइन । अहिलेको सहज परिस्थितिमा पनि यति लामो लाइन किन होला ? आश्चर्य लाग्छ हामीलाई । करिब दुई किलोमिटर जति गुडेपछि हामी मुक्त हुन्छौं लाइनबाट ।

भुइँकुहिरो झन् बाक्लिँदै गएको छ तर खेतका गराहरूमा बिहानबिहानै असभ्य प्रदर्शन भइरहेको दृश्य ढाक्न सकिरहेको छैन कुहिरोले । जतिसुकै सभ्यताको कुरा गरे पनि सानैदेखि लागेको बानी छुटाउन गाह्रै पर्दो रहेछ । अध्ययनको शिलशिलामा भारत जाँदा चालीस वर्षअघि पनि मैले यस्तै देख्थें र अहिले पनि त्यस्तै दृश्य देख्दै छु ।

बस नौतनवा बजारभित्र नछिरिकन बाहिर बाहिरैबाट महनापुर पुगेछ । महनापुरको खेतमा गहुँबाली महकिरहेको थियो । साथीहरूले बसलाई क्षणभर बिश्राम दिनुपर्ने जिकिर गर्दै थिए । त्यसको प्रतीकात्मक अर्थ थियो– विमोचन,अर्थात् शरीरलाई हल्का बनाउनु । चालकले त्यस्तो उपयुक्त स्थान खोज्दै थिए, जहाँ बस्ती पनि नहोस् र खुल्ला फाँट पनि नहोस् । भनेजस्तो ठाउँ भेटियो रानीपुरमा ।

(क्रमश:)

## प्रश्नपत्र बाहिर ल्याएको अभियोगमा १० जना पक्राउ

मोरङ । पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँ मोरङमा हुन लागेको ईन्जिनियरिङ संकायतर्फको बीई दोस्रो सेमेस्टरको फिजिक्स विषयको मूल प्रश्नपत्र परीक्षा पूर्व नै बाहिर ल्याएको अभियोगमा १० जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा मोरङ विराटनगर महानगरपालिका-८ बस्ने ४४ वर्षीय कोमल प्रसाद गौतम, संखुवासभा मादी नगरपालिका-६ बस्ने ३५ वर्षीय गोपाल कार्की, रूपन्देही तिलोचन नगरपालिका-१२ बस्ने ३० वर्षीय विजय पोखरेल, गोरखा भिमसेन थापा गाउँपालिका-१ बस्ने ३२ वर्षीय मिन प्रसाद भट्ट, गोरखा गण्डागी गाउँपालिका-३ बस्ने ३१ वर्षीय भरत पठन, गोरखाकै गोरखा नगरपालिका-४ बस्ने २६ वर्षीय विकास खड्का, सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-४ बस्ने २८ वर्षीय निर्मल खड्का, महोत्तरी रामगोपालपुर नगरपालिका-९ बस्ने २९ वर्षीय नानिपथ मण्डल, सप्तरी वोदेवरसाईन नगरपालिका-७ बस्ने २९ वर्षीय जीवन कुमार यादव र सप्तरी अग्नीसायर कृष्णसवरण गाउँपालिका-५ घर भई भक्तपुर लोकन्थली बस्ने २६ वर्षीय महेश यादव रहेका छन् ।

परीक्षा पूर्व नै प्रश्नपत्र वाहिरिएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले अनुसन्धान गर्नेक्रममा उक्त विश्वविद्यालयका फोटोकपी गर्ने कर्मचारीले सामाजिक संजाल प्रयोग गरी प्रश्नपत्र बाहिर ल्याएको भन्ने खुल्न आएपछि उक्त कार्यमा संलग्न उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो ।

# भारतमा कोरोनाको दोस्रो लहर किन खतरनाक बन्यो ?



**विष्णु भट्टराई**

विवाह, सामाजिक कार्य, राजनीतिक र्‍याली तथा धार्मिक भेला कोरोना महामारीको रूपमा फैलिनुअघिको पूर्ववत् अवस्थामै सञ्चालनको अनुमति दिएसँगै भारतमा दोस्रो लहर फैलन मद्दत पुगेको विज्ञहरूको भनाइ

भारतमा लगातार तीन लाख बढी कोरोना संक्रमित भएको समाचारले विश्वलाई तरंगित बनाएको छ। यसअघि जनवरीमा अमेरिकामा तीन लाख सात हजार संक्रमित भएका थिए। अमेरिकाको त्यो रेकर्डलाई भारतले भंग गरेको छ। यतिवेला एउटा बहस सुरु भएको छ, किन भारतमा कोरोनाको दोस्रो लहरले डरलाग्दो रूप लिइरहेको छ ? यद्यपि, विश्वभरि नै कोरोनाको दोस्रो तथा तेस्रो लहर फैलँदो क्रममा छ। भारतको तुलनामा अन्य देशमा देखिएको प्रजाति त्यति खतरनाक नभएको विज्ञहरूले मानेका छन्। भारत र अन्य देशमा देखिएको कोरोनाको दोस्रो लहर र प्रजातिबीच के फरक भन्ने प्रश्न छ।

भारतका वैज्ञानिकहरूले ती प्रश्नका उत्तर खोज्ने प्रयास नगरेका होइनन्, तर उनीहरूको अनुसन्धानले अझै पूर्णता पाउन सकेको छैन। कोरोनाको दोस्रो प्रजाति भाइरसलाई वैज्ञानिकहरूले १.६७ संज्ञा दिएको छ। यही १.६७ संज्ञा दिइएको दोस्रो लहरको कोरोना भारतमा तीव्र गतिमा बढिरहेको भारतीय वैज्ञानिकहरूले प्रारम्भिक प्रतिक्रिया दिएका छन्।

अर्को समस्या भनेको भारतमा सबैतिरबाट दोस्रो प्रजातिको नमुना संकलन हुन सकिरहेको छैन। अहिले केवल महाराष्ट्रमा मात्र नमुना संकलन तीव्र गतिमा बढाइएको छ। यहाँ ६१ प्रतिशत नमुना संकलन भएको छ। धेरैजसो नमुनामा दोस्रो प्रजातिकै संक्रमण देखिएको छ।

## भारत र बेलायतबीचको हवाई सेवा

विश्वमा कोरोना भाइरसको दोस्रो प्रजाति ब्राजिल, दक्षिण अफ्रिका र बेलायतबाट सुरु भएको मानिन्छ। यी तीन देशबाट विश्वका विभिन्न कुनाकाप्चासम्म कोरोनाको दोस्रो लहर फैलिएको हो। र, कोरोना भाइरस संक्रमित संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ। भारतमा संक्रमित संख्या बढ्नु र यो अनियन्त्रित हुनुको पछाडि भारत र बेलायतबीचको हवाई सेवा तत्काल नरोकिनु पनि एक कारणका रूपमा देखिएको छ। यद्यपि, यो सेवा हालै मात्र बन्द भइसकेको छ। बेलायतबाट भारत आएका र भारतबाट बेलायत गएका व्यक्तिले दोस्रो प्रजाति सार्ने काम भएको बेलायती स्वास्थ्यमन्त्री म्याट हेनकोकले जनाएका छन्।

स्वास्थ्यमन्त्री हेनकोकले गत साता भारतबाट आएकामध्ये एक सय तीनजनामा दोस्रो प्रजातिको भाइरस पाइएको बताएका छन्। त्यसपछि बेलायतले भारतसँगको हवाई सेवा तत्काल रोक्यो। बेलायतले भारतलाई कालोसूचीमा राखेको छ।

## दोस्रो लहरलाई बेवास्ता गर्नु

एक समय भारत सरकारले कोरोनाविरुद्ध राम्रो काम गरेको जनाएको थियो। भारतमा संक्रमित संख्यामा कमी आएको भन्दै सरकारले पछिल्लो केही महिना कोरोनाप्रति बेवास्ता नै गर्‍यो। विवाह, सामाजिक कार्य, राजनीतिक र्‍याली तथा धार्मिक भेला कोरोनाअघिको पूर्ववत् अवस्थामै सञ्चालन गर्न अनुमति सरकारले दिएको छ। कोरोना संक्रमितको संख्यामा कमी आएपछि यहाँ खोप लगाउने पनि घट्दै गएको छ। भारतले जुलाई महिनासम्म २५ करोडलाई खोप दिने घोषणा गरेको छ। तर, यो लक्ष्यअनुसार काम हुन सकिरहेको छैन। यी विभिन्न कारणले नै भारतमा दोस्रो लहरको कोरोना छिटो फैलिएको मानिन्छ।

## दोस्रो प्रजातिले इम्युनिटी शक्ति कम गर्ने

भारत र अन्य विश्वका वैज्ञानिकहरूले पहिलोको तुलनामा दोस्रो प्रजाति भाइरस किन छिटो फैलिएको भन्ने अनुसन्धानमै लागेका छन्। उनीहरूले दोस्रो प्रजातिमा ई ४८४ क्यू तथा एल ४५२ आर जस्तो दुईवटै भाइरस अनुसन्धानका क्रममा देखिएको बताएका छन्। यी दुई तत्वले धेरै संक्रमित बनाउने र भाइरसविरुद्धको प्रतिरोधात्मक शक्ति कमजोर हुने जनाएको छ। पहिलो र दोस्रो प्रजातिबीच धेरै परिवर्तन रहेको उनीहरूको भनाइ छ। दोस्रो प्रजाति भेटिएका व्यक्तिको स्वाप लिने कामलाई द्रुत गतिमा अगाडि बढाइनुपर्ने वैज्ञानिकहरूले निष्कर्ष निकालेका छन्।

दोस्रो प्रजातिमा भेटिएको ई ४७४ क्यू तत्वको भाइरस अति नै खतरनाक भएको वैज्ञानिकहरूले बताएका छन्। लुसियाना स्टेट विश्वविद्यालयका साइन्स सेन्टरका डाक्टर जर्मी कामिनले ई ४७४ धेरै हदसम्म ई ४८४ सँग मिल्दोजुल्दो रहेको बताएका छन्। ई ४८४ भाइरस ब्राजिल र दक्षिण अफ्रिकामा देखिएकै भाइरस हो। यो भाइरसले शरीरभित्र इम्युनिटी शक्ति नष्ट गर्ने डाक्टर जर्मीको भनाई छ।

विश्व स्वास्थ्य संगठनअन्तर्गत कोभिड प्राविधिक विज्ञ मारिया वेनले पनि ई ४८४ भाइरसले एन्टिबडी नष्ट गर्ने काम गर्ने बताएका छन्। भाइरसविरुद्ध लड्ने क्षमता नै नष्ट गर्ने काम ई ४८४तत्वले गरेका कारण नै विश्वभरि नै दोस्रो लहरको कोरोना फैलिएको विज्ञहरूको भनाइ छ।

## सूचना आदानप्रदानको कमी

जिआइएसएआइडी डाटाबेसअनुसार भारतीय अनुसन्धानकर्ताहरूले नयाँ प्रजातिका भाइरसमा देखिएको ६६६ सिक्वेन्स मात्र आदानप्रदान गरेका छन्। अहिलेसम्म भारतमा आठ हजार एक सय ७० जिनोम सिक्वेन्स सेयर भएको जिआइएसएआइडी डाटाबेसले उल्लेख गरेको छ। भारतको तुलनामा बेलायतले यसै समयमा जिनोम सिक्वेन्स तीन लाख ८४ हजार पत्ता लगाएको छ। यसलाई बी १.१७ नाम दिइएको छ।

वैज्ञानिक डा. कामिलले भारतीय वैज्ञानिक तथा अनुसन्धानकर्ताहरूले दोस्रो प्रजाति देखिएलगत्तै काम गर्नुपर्ने अवस्थामा ढिलासुस्ती गरेको आरोप लगाएका छन्। उनी भन्छन्, 'अहिलेसम्म भारतीय वैज्ञानिकहरूले जिनोम सेयरिङ अनुसन्धानमा नयाँ मोड ल्याउन सकेको छैन, यसमा खासै राम्रो काम भएको जस्तो लाग्दैन, यो निकै दुःखद पक्ष हो।'

नयाँ भाइरस पत्ता लगाएको समयमै यसमा सूक्ष्म रूपमा यसको अनुसन्धान भए खण्डमा भारतमा दोस्रो लहर तीव्रताका साथ फैलन नपाउने उनको भनाइ छ। 'यदि जेनोमको सूचना सही समयमै सेयरिङ गरेको भए भारत तथा अन्य देशका वैज्ञानिकहरूलाई मूल्यवान् हुने थियो,' डा. कामिलले भने। भारत तथा अमेरिकाले जिनोम सिक्वेन्स सेयर गर्नुपर्ने र यसमाथि अध्ययन भइरहनुपर्ने अन्य वैज्ञानिकहरूले बताएका छन्।


क्याम्ब्रिज विश्वविद्यालयअन्तर्गत माइक्रोबायोलोजीका प्राध्यापक रवि गुप्ताले भारतमा देखिएको दोस्रो प्रजातिमा खतरनाक भाइरस समावेश भएको मानेका छन्। 'भारतमा देखिएको भाइरस किन डरलाग्दो छ भने यसका दुवै प्रजाति खतरनाक छन्, यो भाइरसले सामान्य मानिसको इम्युनिटी शक्तिमा ह्रास ल्याउने काम गर्छ,' प्राध्यापक गुप्ताले भने, 'यो धेरै जनसंख्या भएको देशमा छिटै फैलिन्छ, यसै कारण भारतमा १५ अप्रिलपछि प्रतिदिन दुई लाखभन्दा बढी संक्रमित देखिएको हो।'

## भारतमा कोरोनाको नयाँ प्रजाति

भारतमा कोरोना भाइरसको नयाँ प्रजाति भेटिएको छ। भारतको स्वास्थ्य मन्त्रालयले बुधबार १९ राज्यमा संकलन गरिएको नमुनामा कोरोना भाइरसको नयाँ प्रजाति भेटिएको जानकारी दिएको छ। नयाँ तथ्यसँगै भारतका ती राज्यमा कोरोनाको अवस्था जोखिमपूर्ण रहेको छ। कोरोना भाइरसको यो नयाँ प्रजाति बेलायत, दक्षिण अफ्रिका र ब्राजिलसँग मिल्दोजुल्दो छ।

हालै भारतीय सार्स-सिओबी-२ कन्सोर्टियम अन जेनोमिक्सले विभिन्न १० ल्याबमा गरेको परीक्षणमा नयाँ केस देखिएको जनाएको छ। स्वास्थ्य मन्त्रालयले १० हजार ७८७ व्यक्तिको नमुना संकलन गरेको थियो। जसमध्ये सात सय ७१ नमुना बेलायतमा देखिएको नयाँ कोरोना भाइरससँग मिलेको छ। यसैगरी, दक्षिण अफ्रिकाको नयाँ भाइरस ३४ व्यक्तिमा देखिएको मन्त्रालयको भनाइ छ। संकलित नमुनामध्ये एकजनामा मात्र ब्राजिलियन केस देखिएको छ।

यस सम्बन्धमा महामारी विज्ञानले अध्ययन गरिरहेको छ। स्वास्थ्य मन्त्रालयका अनुसार पश्चिम महाराष्ट्रमा संकलन गरिएको नमुनामा 'डबल म्युटेन्ट भेरियन्ट' देखिएको थियो। यसैबीच, भारतमा एक दिनभित्र ४७ हजार दुई सय ६२ जना संक्रमित भएका छन्। दुई सय ७५ जनाको कोरोनाका कारण निधन भएको छ।






## भारतमा अक्सिजन अभाव

कोरोना- १९ महामारीमा अक्सिजन संकट पैदा भएपछि भारतले विदेशबाट ठूलो संख्यामा अक्सिजन केन्द्र आयातको निर्णय लिएको छ। दश हजारभन्दा बढी अक्सिजन केन्द्र आयात गर्ने भारत सरकारको निर्णय छ। '१० हजार अक्सिजन केन्द्र अर्डरमा राखिएको छ र अर्को हप्तादेखि अमेरिकाबाट अक्सिजन कन्सेन्ट्रेटर आयात सुरु हुनेछ,' सरकारी अधिकारीलाई उद्धृत गर्दै समाचार एजेन्सी एनआईले लेखेको छ। विदेशबाट अक्सिजनका कन्टेनर ल्याउने प्रयास पनि भएका छन्। तीन महिनाका लागि भन्सार शुल्क हटाइएको छ।

यतिवेला भारतमा दैनिक १२ सय टन अक्सिजन उत्पादन भएको छ र पूरै अक्सिजन कोरोना बिरामीका लागि खपत भएको छ। संक्रमण बढ्दै जाँदा अक्सिजनको माग १५ देखि १६ सय टन पुगेको छ। तर, तत्काल अक्सिजनको माग घट्ने कुनै संकेत देखिएको छैन। कोभिडअगाडि भारतमा दैनिक सात सय टन अक्सिजन जरुरत थियो भने अहिले पाँच हजार टन पुगेको छ। भारतमा करिब पाँच सय कम्पनीले हावाबाट अक्सिजन निकाल्ने र शुद्ध गर्ने काम गर्छन्। त्यसपछि यसलाई तरल बनाएर अस्पताल पठाइन्छ।

भारतले अक्सिजनको बढ्दो माग पूरा गर्न धेरै विदेशी निजी कम्पनीहरूसँग पनि सम्झौता गरेको छ। अर्को हप्ता ठूलो संख्यामा अक्सिजन केन्द्रकर्ताहरू आउने र त्यसले बढ्दो संकटलाई कम गर्ने भारतको विश्वास छ। विदेशमा रहेका भारतीय मिसन पनि अक्सिजन आपूर्तिका लागि जुटेका छन्। रसियाले पनि हरेक साता तीन लाख रेडेडेभिर इन्जेक्सन प्रस्ताव गरेको छ र भारतमा अक्सिजन पठाउन चाहेको पनि बताएको छ। चीनले पनि भारतलाई सहयोग गर्न चाहेको छ।

फिलिप्स इन्डियाले अक्सिजन केन्द्रहरूको आपूर्ति गर्ने भएको छ। फिलिप्ससँग विशेष रूपमा कोभिड- १९ का लागि चाहिने धेरै उत्पादन छन्, जसमा भेन्टिलेटर, अक्सिजन केन्द्र, अल्ट्रासाउन्ड, मोनिटर र पोर्टेबल आइसियू छन्। हालको अक्सिजनको मागका लागि उसले अक्सिजन केन्द्रको विश्वव्यापी उत्पादनमा उल्लेखनीय वृद्धि गरेका छ।

हाल भारतको राजधानीसहितका धेरै अस्पतालमा अक्सिजन अभाव छ। धेरै अस्पतालमा अक्सिजन आपूर्ति नहुँदा दैनिक सयौं संक्रमितले ज्यान गुमाएका छन्। अक्सिजन अभावलाई लिएर अदालतले पनि चासो देखाएका छन्। दिल्ली उच्च अदालतले तत्कालन अक्सिजन व्यवस्था गर्न निर्देशन नै दिएको छ। अक्सिजन अभाव र अक्सिजन पाउने अनिश्चितताले चिकित्सकहरू चिन्तित बनेका छन्।

## कोरोना संकटमा भारतलाई अन्तर्राष्ट्रिय समुदायको सहयोग

काठमाडौं। कोरोना महामारीको भुमरीमा फसेको भारतलाई त्यसबाट बाहिर निकाल्न अन्तर्राष्ट्रिय समुदायले सहयोगको हात बढाउन सुरु गरेका छन्। तीन दिनयता मात्र भारतमा दैनिक ३ लाखभन्दा बढीमा संक्रमण पुष्टि भएको छ भने दैनिक २ हजारभन्दा बढीले ज्यान गुमाएका छन्।

पछिल्लो २४ घण्टामा भारतमा थप ३ लाख ५२ हजारभन्दा बढी संक्रमित थपिएका छन्। उक्त अवधिमा २ हजार ८ सय १२ जनाको भाइरसका कारण मृत्यु भएको छ।

राजधानी दिल्लीमा कोरोना महामारी भयावह बन्दै गएपछि लकडाउन थप एक साताका लागि बढाइएको छ। दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले आइतबार दिउँसो थप एक साताका लागि लकडाउन बढाइएको घोषणा गरेका हुन्। महामारीका कारण दिल्ली, महाराष्ट्र, मध्यप्रदेश, राजस्थान लगायतका राज्यमा अक्सिजनको चरम अभाव छ।

राजधानी दिल्लीमै बिरामीहरू बेड नपाएर अस्पताल बाहिर छटपटाउन बाध्य छन्। यो अवस्थाबाट भारतलाई मुक्त गर्न विभिन्न मुलुक र अन्तर्राष्ट्रिय निकायले सहयोगको प्रस्ताव गर्न थालेका हुन्। त्यस्तो प्रस्ताव गर्नेमा चीन र पाकिस्तानदेखि, मित्र मुलुकहरू अमेरिका, अस्ट्रेलिया, जर्मनी, बेलायत, युरोपेली संघ (ईयू) लगायत छन्। अमेरिकाले आइतबार मात्र महामारीविरुद्धको लडाइँमा भारतीय पक्षसँग मिलेर काम भइरहेको बताएका छन्।

छिमेकी मुलुक चीनले भारतमा ८ सय अक्सिजन कन्सेन्ट्रेटर पठाएको छ। श्रीलंकास्थित चिनियाँ दूतावासका अनुसार चीनले हङकङबाट ८ सय वटा अक्सिजन कन्सेन्ट्रेटर पठाइसकेको छ भने थप १० हजार केही दिनमै पठाउने बताएको छ।

त्यसैगरी, भारतको छिमेकी पाकिस्तानले महामारीसँग जुधिरहेको भारतलाई सहयोग स्वरूप अत्यावश्यक मेडिकल उपकरण दिन चाहेको बताएको छ। 'महामारीको यो घडीमा हामी भारतका नागरिकको साथमा छौं,' पाकिस्तानी विदेशमन्त्री शाह महमुद कुरेसीले ट्वीटरमा लेखेका छन्।

त्यस्तै यूएईले पनि भारतमा उच्च क्षमताको क्रायोजेनिक अक्सिजन ट्यांकर पठाएको छ। आइतबार यूएईका विदेशमन्त्री शेख अब्दुल्ला बिन जायदले भारतमा महामारी रोकथाम तथा नियन्त्रणमा हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। त्यस्तै साउदी अरबले पनि भारतमा अक्सिजन ट्यांकरका साथै ८० मेट्रिक टन अक्सिजन पठाउने तयारी गरेको छ।

भारतको पुरानो मित्र बेलायतले पनि सहयोगको गर्ने बताइसकेको छ। 'हामीहरू भारतीय जनतालाई कसरी सहयोग गर्न सकिन्छ भनेर हेरिरहेका छौं,' बेलायती प्रधानमन्त्री बोरिस जोन्सनलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले उल्लेख गरेका छन्। बेलायतले अक्सिजन कन्सेन्ट्रेटरसहित ६ सय वटा मेडिकल उपकरण भारत पठाउने तयारी गरेको छ।

त्यस्तै सिंगापुरले पनि भारतमा मेडिकल उपकरण पठाएको छ। आइतबार राति नै सिंगापुरबाट पठाइएको सामान मुम्बई आइपुगेको छ।

त्यसैगरी अस्ट्रेलियाका तर्फबाट पनि त्यस्तै आश्वासन दिइएको छ। विदेशमन्त्री मरिस पेइनले एक सन्देशमार्फत महामारीलाई परास्त गर्न अस्ट्रेलिया सबै काम गर्न प्रतिबद्ध रहेको जनाएकी छन्।

## पाकिस्तानले पनि सहयोग गर्ने

भारतमा कोरोना संक्रमणले अवस्था भयावह भएपछि छिमेकी मुलुक पाकिस्तानले सहयोगको प्रस्ताव गरेको छ। तीन दिनयता भारतमा दैनिक ३ लाखभन्दा बढीमा संक्रमण पुष्टि भएको छ भने २ हजारभन्दा बढीको दैनिक मृत्यु भएको छ।

यसैबीच पाकिस्तानी विदेश मन्त्रालयले एक वक्तव्य जारी गर्दै महामारीसँग जुधिरहेको भारतलाई सहयोग गर्न चाहेको बताएको हो। पाकिस्तानी विदेश मन्त्रालयले भारतलाई अत्यावश्यक मेडिकल उपकरण दिन चाहेको बताएको छ।

विदेश मन्त्रालयद्वारा जारी वक्तव्यमा भनिएको छ, 'महामारीको यस संकटको घडीमा हामी भारतका नागरिकको साथमा छौं। सहयोगका रुपमा पाकिस्तान भारतलाई भेन्टिलेटर बाई प्याप, डिजिटल एक्सरे मेसिन, पीपीई किट तथा अत्यावश्यक स्वास्थ्य सामग्री दिन चाहन्छौं।' पाकिस्तानी विदेशमन्त्री शाह महमूद कुरैशीले पनि ट्विटमार्फत भारतलाई सहयोगको प्रस्ताव गरेका छन्। उनले लेखेका छन्, 'पाकिस्तान मानवतालाई प्राथमिकता दिने नीतिमा विश्वास गर्छ।'

पाकिस्तानले भारतीय अधिकारीहरूसँग छिटोभन्दा छिटो भेटेर उक्त सहयोग उपलब्ध गराउन सक्ने पनि बताएको छ। 'दुवै मुलुक महामारीका कारण निम्तिने चुनौतीलाई सामना गर्न सम्भावित उपायको खोज पनि गर्न सक्नेछन्,' वक्तव्यमा भनिएको छ।

पाकिस्तानी प्रधानमन्त्री इमरान खानले पनि कोरोना महामारी झेलिरहेका भारतीय नागरिकप्रति सहानुभूति प्रकट गरेका छन्। 'छिमेकी मुलुक र पूरा विश्वले नै घातक भाइरसको सामना गर्नुपरिरहेको छ। कोरोना भाइरसको सामना गरिरहेका सबैको म शीघ्र स्वास्थ्यलाभको कामना गर्छु,' प्रधानमन्त्री खानले सामाजिक सञ्जालमा लेखेका छन्। उनले कोरोना महामारी वैश्विक संकट भएकाले सबै मिलेर यसविरुद्ध लड्नुपर्ने पनि बताएका छन्। पाकिस्तानले गरेको सहयोगको प्रस्तावबारे भारतले भने अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन।

भारतमा केही दिनयता अक्सिजनको चरम अभाव भएको छ। अस्पतालमा भर्ना भएका बिरामीको नै अक्सिजन नपाएर मृत्यु भइरहेको छ। त्यस्तै अस्पतालमा पनि थेग्नै नसक्ने गरी बिरामी भर्ना भइरहेका छन् भने सयौं बिरामी भर्नाका लागि अस्पतालबाहिर नै पालो पर्खिरहेका छन्।

यसैबीच अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकनले पनि भारतको पछिल्लो अवस्थाप्रति सहानुभूति प्रकट गर्दै कोरोना महामारीको लडाइँमा भारतसँग मिलेर काम गर्ने बताएका छन्। उनले भारतीय नागरिक र भारतीय स्वास्थ्यकर्मीको सहयोगका लागि तीव्र गतिमा मेडिकल उपकरण र स्वास्थ्य सामग्री उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन्।

## नयाँ स्वरूपको कोरोना ६० देशमा

जेनेभा। कोरोनाको नयाँ स्वरुपको भाइरस विश्वका कम्तीमा पनि ६० देशमा पुगेको समाचारमा जनाइएको छ। प्राप्त समाचारअनुसार यो सङ्क्रमण विश्वका ६० देशमा पुगिसकेको छ। विश्व स्वास्थ्य संगठनले बुधबार दिएको जानकारीअनुसार सो भाइरस यो हप्तामा मात्र विश्वका १० वटा देशमा पुगेको हो। उक्त संगठनले महामारीको यो स्वरुप दिन प्रतिदिन नयाँ नयाँ देशमा पुगिरहेको छ।

विश्वमा कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या २० लाखभन्दा बढी पुगेको छ। यता बेलायतबाट निस्किएको भनिएको कोरोना भाइरसको नयाँ सङ्क्रमण पनि बढ्दो रुपमा विश्वमा बढ्दै गएको बताइएको छ। विश्व स्थास्थ्य संगठनले दिएको जानकारीअनुसार गएको एक हप्ताभित्रमा मात्र करिब ९३ हजार जनाको ज्यान गएको छ। कोरोना भाइरसबाट उनीहरूको ज्यान गएको हो।

तर त्यसमा यो नयाँ स्वरुपको भाइरसका कारण के कस्तो क्षति पुगेको छ भन्ने बारेमा भने केही अनुसन्धान भएको छैन। गएको सात दिनभित्रमा विश्वमा कोरोना भाइरसका थप ४७ लाख जति सङ्क्रमितहरू थपिएका छन्। पछिल्लो समयमा युरोपमा भित्रिएको खोपका कारण धेरै नागरिकमा आशा पलाएको छ।

## अस्ट्रेलियाद्वारा "बेल्ट एन्ड रोड" अस्वीकार

सिड्नी। अस्ट्रेलियाले चीनसँगको महत्वाकांक्षी 'बेल्ट एन्ड रोड' परियोजनासँग सम्बन्धित दुई वटा सम्झौता रद्द गरेको छ। बुधबार अस्ट्रेलियाका विदेशमन्त्री मेराइस पेनले चीनसँग गरिएका ४ वटा सम्झौता रद्द गरेको घोषणा गरेका हुन्। त्यसमध्ये दुई वटा सम्झौता बेल्ट एन्ड रोड परियोजनासँग सम्बन्धित रहेका छन्।

यो सम्झौता अस्ट्रेलियाको भिक्टोरिया राज्यले चीनसँग २०१८ र २०१९ मा सम्झौता गरेको थियो। अस्ट्रेलियाको संघीय सरकारलाई गत डिसेम्बरमा कुनै पनि प्रान्त वा विश्वविद्यालयद्वारा गरिएको निर्णय रद्द गर्न सक्ने भिटो पावर दिइएको थियो।

अस्ट्रेलियाकी विदेशमन्त्री मेराइस पेनले विदेश नीतिका कारण चीनसँगको सम्झौता खारेज गरिएको हो। 'म यी चार सम्झौता अस्ट्रेलियाको विदेश नीति र हाम्रो कूटनीतिक सम्बन्धको प्रतिकूल रहेको ठान्छु,' विदेशमन्त्री पेनले भनेकी छिन्।

बिहीबार पुनः एक पटक विदेशमन्त्री पेनले यो निर्णय कूटनीतिक सम्बन्धका स्थिरता सुनिश्चित गर्नका लागि लिइएको हो। उनले आफूहरूले कुनै देशलाई निशाना बनाउन नचाहेको पनि बताएकी छिन्। एबीसी रेडियोको एउटा कार्यक्रम विभिन्न प्रान्तले विभिन्न मुलुकसँग सम्झौता गरेको उल्लेख गर्दै नयाँ नीतिअनुसार संघ सरकारलाई उक्त सम्झौता रद्द गर्ने अधिकारी भएको उनले बताइन्। उनले भनिन्, 'यो निर्णय विशेष रुपमा अस्ट्रेलियाको राष्ट्रिय हितमाथि केन्द्रित रहेको छ। अस्ट्रेलियाको कूटनीतिक सम्बन्धमा स्थिरता सुनिश्चित गर्नका लागि हामीले यो निर्णय लिएका हौं।'चीन आक्रोशित

अस्ट्रेलियाको निर्णय सार्वजनिक हुनुपूर्व नै चीनले आपत्ति प्रकट गरेको थियो। अस्ट्रेलियास्थित चिनियाँ दूतावासले उक्त कदमलाई 'चीनविरुद्ध अस्ट्रेलियाली पक्षबाट उठाइएको अर्को एउटा अनुचित र उत्तेजक कदम' को संज्ञा दिएको थियो। चिनियाँ दूतावासले बयानमा भनेको छ, 'यसले चीन-अस्ट्रेलिया सम्बन्ध सुधारमा अस्ट्रेलिया सरकारले कुनै इमानदारी देखाएको छैन भन्ने देखाउँछ।'

अस्ट्रेलियाको नयाँ कदमले द्विपक्षीय सम्बन्धमा अझ क्षति पुऱ्याउने पनि चिनियाँ दूतावासको भनाइ छ।

पछिल्लो समय अस्ट्रेलिया र चीनबीचको सम्बन्धमा तिक्तता देखिएको छ। सन् २०१८ मा अस्ट्रेलियाले चिनियाँ प्रविधि कम्पनी हुवावेको ५ जी नेटवर्कमाथि प्रतिबन्ध लगाएको छ। हुवावेमाथि प्रतिबन्ध लगाउने अस्ट्रेलिया पहिलो मुलुक थियो। त्यसपछि चीन-अस्ट्रेलिया सम्बन्धमा निकै उतारचढावपूर्ण अवस्था आएको छ।

चीनले 'वान बेल्ट वान रोड' परियोजनाका लागि अस्ट्रेलियासँग राष्ट्रिय स्तरमा सम्झौता गर्न चाहेको थियो। तर वर्तमान प्रधानमन्त्री स्कट मोरिसन र यसअघिका प्रधानमन्त्री माल्कोम टर्नबलले अनुमति नदिएपछि चीनले भिक्टोरिया राज्यसँग सम्झौता गरेको थियो। भिक्टोरियाका प्रिमियर डेन एन्ड्रयुले सन् २०१८ र २०१९ मा चीनको नेसनल डेभलेपमेन्ट एन्ड रिफर्म कमिसनसँग सम्झौता गरेका थिए। भिक्टोरियाका प्रमुखले उक्त सम्झौतापछि चिनियाँ लगानी आफ्नो प्रान्तमा भित्रिने दाबी गरेका थिए।

केही देशले चीनको महत्वाकांक्षी बेल्ट एन्ड रोड परियोजनाका कारण विकासशील देशमाथि ऋणको भार थपिने आशंका व्यक्त गर्दै आएका छन्।

### के हो "वान बेल्ट वान रोड ?"

बेल्ट एन्ड रोड इनिसिएटिभ वा 'वान बेल्ट वान रोड'(ओबोर) चीनको महत्वाकांक्षी परियोजना हो। चीनले यसलाई ऐतिहासिक 'सिल्क रुट' को आधुनिक अवतार बताउँदै आएको छ। सिल्क रुट मध्ययुगकालीन त्यस्तो बाटो थियो, जसले चीनलाई युरोप र बाँकी एसियासँग जोड्थ्यो। त्यसैका माध्यममार्फत विश्वसँग चीनले कारोबार बढाउँथ्यो। अहिले पनि चीनले पूरा विश्वसँग सडक, रेल्वे लाइन, सामुद्रिक मार्गमार्फत जोडिँदै कारोबार बढाउन चाहन्छ।

चिनियाँ राष्ट्रपति सी चिनफिङ यस योजनाले पूरा विश्वले नै समृद्धि हासिल गर्ने दाबी गर्दै आएका छन्। केही दिनअघि बोआओ एसिया मञ्च-२०२१ को वार्षिक सम्मेलनको उद्घाटन समारोहमा राष्ट्रपति सीले खुलापन र सहनशील भावनाका साथ बीआरआईमा संलग्न सबै पक्षसँग मिलेर गरिबी निवारण तथा विकास गर्ने प्रतिबद्धता जनाएका थिए। अर्काको आन्तरिक मामिलामाथि हस्तक्षेप गर्न नहुने भन्दै सीले शान्ति, विकास, न्याय, निष्पक्षता, प्रजातन्त्र र स्वतन्त्रतालगायत मानवीय मूल्य मान्यताका साथ मानव सभ्यताको विकासलाई अघि बढाइनुपर्ने बताएका थिए।

सन् २०३० सम्ममा बीआरआईमार्फत् विश्वका ७६ लाख जनतालाई चरम गरिबी र ३ करोड २० लाखलाई मध्यम गरिबीको अवस्थाबाट मुक्त गरिने अठोट सुनाउँदै सीले साझा समृद्धिका लागि सक्रिय योगदान गर्ने र कस्तै विकसित भएपनि प्रभुत्ववाद वा विस्तारवादको होडबाजी नगर्ने उल्लेख गरेका थिए।

विश्वमामिलाका केही जानकारहरू भने यस परियोजनालाई 'सुपरपावर' बन्ने चिनियाँ चाहना भएको बताउँदै आएका छन्। भारतसमेत केही देशले यसमा चिनियाँ स्वार्थ रहेको पनि दाबी गर्दै आएका छन्।

प्रेरक

## स्टिभ जब्सको व्यवहार



स्टिभ जब्सलाई मानिसहरू भिजन र उद्यमशीलताका लागि निकै लामो समयसम्म सम्झिरहनेछन्। केही मानिस उनलाई मन पराउँदैनन् पनि। किनकि, व्यक्तिगत जीवनमा उनी त्यति राम्रा थिएनन्। एप्पल कम्पनीका सर्वेसर्वा भएका नाताले उनी निकै निर्मम मालिक थिए। उनका साथमा काम गर्नु निकै कठिन थियो। सानासाना गल्तीमा आफ्ना मिहिनेती कर्मचारीको जागिर खोस्न उनलाई कुनै संकोच लाग्दैनथ्यो।

'बेस्टसेलर' किताब 'रिच ड्याड, पुअर ड्याड'का लेखक रिचर्ड कावासाकीले पनि कुनै समयमा जब्ससित एप्पलमा काम गरेका थिए। जब्ससित काम गर्दाको उनको अनुभव यस्तो छ स

एक दिन जब्स मेरो क्याबिनमा कोही अपरिचित व्यक्तिका साथ आए। उनले ती व्यक्तिसित मेरो परिचय नगराईकनै सोधे- नोवेयर कम्पनीबारे तिम्रो के राय छ ? मैले जब्सलाई भनें- त्यस कम्पनीका उत्पादन खराब, दिक्कलाग्दा र अत्यन्त साधारण छन्। तिनमा केही यस्तो विशेष छैन, जससित एप्पलको कुनै चासो या साइनो हुन सकोस्। यो कम्पनी बेकारको छ। एकछिन मेरो बकबक सुनिसकेपछि जब्सले भने- उहाँसित चिनजान गर, उहाँ हुनुहुन्छ, नोवेयरका सिइओ आर्ची म्याक्गिल। उफ, यो तपाईले के गर्नुभयो स्टिभ ? मैले मनमनै आफैंसित भनें।

यस घटनामा खास कुरा के थियो त ? मैले जब्सको 'आइक्यु टेस्ट' पास गरेर देखाएँ। मैले त्यस कम्पनीबारे राम्रो कुरा बताएको भए, जब्सलाई थाहा हुने थियो कि मलाई केही पनि थाहा छैन। र, त्यो नै एप्पलमा मेरो अन्तिम दिन हुने थियो। जब्सका साथमा काम गर्नु निकै कठिन थियो। उनी आफूमातहत काम गर्ने कर्मचारीमा यस्तो कुशलता चाहन्थे, जुन दुर्लभ हुन्छ। तपाईं यस खेलमा माथिल्लो स्थानमा रहनुभएन भने गायब हुनुहुन्थ्यो। मैले अन्य स्थानमा काम गर्दाको समयमा यति धेरै सिक्न पाइनँ वा सकिनँ, जे मैले एप्पल म्याकिन्टोसमा सिकें। यस अनुभवले मलाई परिणामको चिन्ता नगरीकनै साँचो बोल्नुपर्छ भन्ने पाठ सिकायो।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रयत्न गर्दा व्यापार बढ्नुका साथै व्यवसायमा लाभ हुनेछ। आयआर्जनका नयाँ स्रोत समेत फेला पर्नेछन्। भौतिक साधन जुट्नाले पनि आम्दानी बढ्ने काम प्रारम्भ हुनेछ। अतिथिका रूपमा सत्कार प्राप्त हुनेछ। परिस्थिति अनुकूल रहे पनि कामले वादविवाद निम्त्याउनेछ। भौतिक सुविधामा खर्च बढ्न सक्छ। आफन्तसँग सुमधुर सम्बन्धका लागि व्यवहारमा ध्यान पुऱ्याउनुहोला।

### वृष

स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ। व्यापारलगायत आर्थिक लाभ लिने योजना कार्यान्वयन हुनेछन्। भौतिक साधन जुट्नाले दिगो काम सुरु गर्न सकिनेछ। छोटो समयमा विशेष उपलब्धि प्राप्त हुनेछ।

### मिथुन

श्रम परे पनि तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। आम्दानीका स्रोत बढ्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ। बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ। सुखद् समाचारले उत्साह जगाउनेछ।

### कर्कट

बेसुरमा गरिएको कामले पनि उपलब्धि दिलाउनेछ। टाढिएका आफन्तसँग मेलमिलाप वा भेट हुनेछ। अहिलेको फाइदाले पछिलाई घाटा हुन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। व्यावहारिक समस्या सुल्झाउँदै सामाजिक कार्यमा अग्रसर भइनेछ। समस्या दर्साएर सहयोगीहरू फेला पार्न सकिनेछ। प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ।

### सिंह

छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। लाभांश बढ्नाले दैनिकीमा परिवर्तन आउनेछ। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ। शत्रु तथा प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ।

### कन्या

आत्तिने बानीले समस्या निम्त्याउनेछ। हातमा आएको मौका अरूले फुत्काउन सक्छन्। बोलीको गलत अर्थ लाग्ने समय रहेकाले व्यवहारमा सजग रहनुपर्ला। नयाँ जिम्मेवारी वहन गर्ने समय छ। लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्नेछ। सहयोगीहरूले साथ दिनेछन्, तर अहिलेको मिहिनेतले पछिलाई फाइदा हुनेछ। शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला।

### तुला

मेहनत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ। पहिलेकै काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। अध्ययनमा धेरै समय दिन नसकिएला। तापनि प्रयत्न गर्दा अवसर भने पाइनेछ। साथ दिनेहरू बढ्नेछन्। प्रेम र मित्रताको बन्धन पनि कसिनेछ। पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिनेछ।

### वृश्चिक

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। अवसरका लागि केही दौडधुप गर्नुपर्ला। फाइदाका लागि केही वस्तु त्याग्नुपर्नेछ। व्यवसायमा लगानी बढाउनुपर्ला। बलजफ्तीको व्यवहारले व्यर्थैमा समस्या निम्त्याउन सक्छ। आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ। खर्च लागे पनि यात्रा गर्ने अवसर प्राप्त हुनेछ। तर आफ्नो उपलब्धिमा अरूले दाबी गर्न सक्छन्।

### धनु

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिलेको सफलताले नयाँ अवसर पनि दिलाउन सक्छ।

### मकर

पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ। विशेष भेटघाटले उत्साह जगाउनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। कीर्तिमानी काम गर्ने समय छ। आवश्यक पर्दा साथीभाइको सहयोग भने नजुट्न सक्छ। मेहनतले नाम, दाम र इनाम प्राप्त हुनेछ। सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। व्यापारमा फाइदा हुनेछ।

### कुम्भ

नयाँ जिम्मेवारी प्राप्त हुने समय छ। सामाजिक काममा रुचि बढ्नेछ। रोकिएको कामले पनि निकास पाउनेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। धार्मिक र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।

### मीन

अवसरका लागि दौडधुप गर्नुपर्ला ।तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। स्वास्थ्यका हिसाबले दिन कमजोर रहनेछ। परिस्थितिले अप्ठ्यारा चुनौतीहरूसँग सम्झौता गराउन सक्छ। जोखिमपूर्ण तथा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। समस्या दर्साउँदा सहयोगीहरूले साथ दिनेछन्।

# समाचार संक्षेप

## खेलहरूमा सट्टाबाजी गर्ने ११ जना पक्राउ

काठमाडौं। भारतमा संचालन भइरहेको इन्डियन प्रिमियर लिग(आइपिएल) लगायतका खेलहरूमा सट्टाबाजी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ११ जनालाई काठमाडौंका विभिन्न स्थानबाट आइतबार प्रहरीले पक्राउ गरेको छ। उनीहरूबाट सट्टाबाजीमा प्रयोग गरेका १७ थान मोबाइल, नगद २ लाख ९६ हजार रुपैयाँ, डायरी, बेटिङमा हिसाब किताबको लागि प्रयोग भएको कागजातहरू समेत बरामद भएको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं बनस्थलीका अशोक सिंह, काठमाडौं ठमेलका विक्रमकुमार जैसवाल, रौतहट गौरका राहुलकुमार जैसवाल, काभ्रेपलाञ्चोकका राजु थापा, धादिङका सन्तोष खतिवडा, ललितपुर जावलाखेलका अंकितकुमार कलवार, काठमाडौं कालिमाटीका संदिपकुमार मंडल, काठमाडौका-२३ का सुशील जेस्टा, काठमाडौं लाजिम्पाटका पवनकुमार शर्मा, भारतका सुचित अग्रवाल र काठमाडौं जमलका मुकेश जैसवाल रहेका छन्।

## सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं। धनुषा, जनकपुर उपमहानगरपालिका-८ रामान्नद चोकस्थित सडकमा ना.४ ख ८०६१ नम्बरको बसको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६८ वर्षीया बेचनी देवी मण्डलको सोमबार बिहान मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। बस चालकलाई प्रहरीले पक्राउ गरेको छ।

बैतडी, पाटन नगरपालिका-६ स्थित सडकमा सु.प.प्र.०१-००१ च ३७७ नम्बरको जन्ती बोकेको जिप सडकबाट करिब १ सय मिटर तल खसेर सोमबार बिहान दुर्घटना हुँदा जिपमा सवार सोही ठाउँ बस्ने ५५ वर्षीय देबीलाल जोशीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्र पाटनमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका ११ जनामध्ये ७ जनालाई माया मेट्रो अस्पताल धनगढी, २ जनालाई जिल्ला अस्पताल डडेल्धुरा र २ जनालाई जिल्ला अस्पताल बैतडीतर्फ उपचारका लागि पठाइएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं, बुढानीलकण्ठ नगरपालिका-७ भेटघाट चोक डेरा गरी बस्ने पाल्पा घर भएकी ८४ वर्षीया दान कुमारी घर्तीमगर आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेकी छिन्। झापा, अर्जुनधारा नगरपालिका-३ स्थित जुके खाडी सामुदायिक वन कार्यालय अगाडि फलैचामा सोही ठाउँ बस्ने ३७ वर्षीय भक्त बहादुर दर्नाल सोमबार मृत अवस्थामा फेला परेका छन्। दैलेख, नारायण नगरपालिका-८ भगवती बस्ने ३३ वर्षीया नैनसरा सिंह आफ्नै घरमा सोमबार मृत अवस्थामा फेला परेकी छिन्।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१३ बडागाँउ भन्ने स्थानमा सोही उपमहानगरपालिका-१४ कालापानी बस्ने ३३ वर्षीय जमान सिंह मोक्तान सोमबार मृत अवस्थामा फेला परेका छन्।

## सवारी दुर्घटनामा ६ जनाको मृत्यु

काठमाडौं। नवलपरासी (पूर्व), बिनयी त्रिवेणीस्थित भित्री सडकमा लु.३ त १२७५ नम्बरको ट्याक्टर अनियन्त्रित भई आइतबार दिउँसो दुर्घटना हुँदा ट्याक्टर चालक नवलपरासी (पश्चिम) सुस्ता गाउँपालिका-३ कुडिया बस्ने २२ वर्षीय मुकेश हरिजनको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल डण्डामा उपचारको क्रममा मृत्यु भएको हो।

रुपन्देही, तिलोत्तमा नगरपालिका-१५ कोटिहवा चोकमा लु.१ ख ६०६४ नम्बरको टिपरले लु.१ ख ९६८५, लु.१ ख ५७८८ नम्बरको बस र लु.२ च ७०१२ नम्बरको बलेरोलाई आइतबार दिउँसो ठक्कर दिंदा २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा लु.१ ख ९६८५ नम्बरको बसमा सवार तिलोत्तमा नगरपालिका-१५ बस्ने ८ वर्षीया जमुना हरिजन र ८ वर्षीया गंगा हरिजन रहेका छन्। जमुनाको घटनास्थलमै तथा गंगाको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका लु.१ ख ९६८५ नम्बरको बसमा सवार अन्य ५ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ भने घाइते भएका टिपर चालक २९ वर्षीय बलिराम पासीको मेडिकल कलेज भैरहवामा उपचार भइरहेको छ। दुवै बस चालक र बलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

धनुषा, मिथिला नगरपालिका-८ कुसुम बिसौनास्थित सडकमा प्र.२-०२-००२ प ६०२६ र प्र.२-०२-००३ प २८७७ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई आइतबार दिउँसो दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा प्र.२-०२-००२ प ६०२६ नम्बरको मोटरसाइकल चालक सोही ठाउँ बस्ने २० वर्षीय भोला भन्ने अमरनाथ महतो र प्र.२-०२-००३ प २८७७ नम्बरको मोटरसाइकल चालक सोही ठाउँ बस्ने २६ वर्षीय सुनिल शर्मा रहेका छन्। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको जानकी हेल्थ केयर जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका प्र.२-०२-००३ प २८७७ नम्बरको मोटरसाइकल सवार सोही ठाउँ बस्ने २५ वर्षीय सन्तोष कुमार महतोको सोही हेल्थ केयरमा उपचार भइरहेको छ।

चितवन, ईच्छाकामना गाउँपालिका-३ स्थित सडकमा ग.१ ख २९५९ नम्बरको माईक्रो र बा.६९ प ६०६९ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई मोटरसाइकल एनएल ०१३०९१ नम्बरको भारतीय ट्रकमा समेत ठोकिँदा मोटरसाइकल चालक धादिङ बेनिघाट रोराङ गाउँपालिका-९ बस्ने २५ वर्षीय झलक बहादुर श्रेष्ठको आइतबार राति घटनास्थलमै मृत्यु भएको छ। ट्रक र माईक्रो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## करेन्ट लागेर मृत्यु

तनहुँ। शुक्ला गण्डकी नगरपालिका-११ भुस्नापुर स्यानि भञ्ज्याङस्थित ग्रामिण सामुदायिक विद्युत उपभोक्ता ढोरफिर्दीका कर्मचारी सोही ठाउँ बस्ने ५८ वर्षीय युवराज शर्माको करेन्ट लागेर आइतबार दिउँसो मृत्यु भएको छ। बिजुलीको पोलमा चढेर काम गर्ने क्रममा करेन्ट लागेर उनको मृत्यु भएको हो।

## डुबेर मृत्यु

काठमाडौं। सोलुखुम्बु, थुलुङ दुधकोशी गाउँपालिका-५ मजुवास्थित ताम्ली खोलाको दहमा डुबेर सोही ठाउँ बस्ने बुद्धि बिककी ६ वर्षीया छोरी जेनिशा बिकको आइतबार दिउँसो मृत्यु भएको छ। खोलाको छेउमा खेल्ने क्रममा ढुङ्गाबाट चिप्ली खोलाको दहमा डुबेर उनको मृत्यु भएको हो। सिन्धुपाल्चोक, भोटेकोशी गाउँपालिका-५ स्थित भोटेकोशी नदीमा नुहाउने क्रममा डुबेर सोही गाउँपालिका-१ स्थित निर्माणाधीन मध्यभोटेकोशी हाइड्रोपावरको सुरुङ मार्गमा काम गर्ने बैतडी डोगडाकेदार गाउँपालिका बैतडीढ़ बस्ने २६ वर्षीय रमेश बहादुर साउदको आइतबार दिउँसो मृत्यु भएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं महानगरपालिका-९ सेतोपुलस्थित चौरमा हाल नाम, थर वतन नखुलेका करिब ३० वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन्।

झापा, कनकाई नगरपालिका-२ तिलकेनी गैह्री डाँडास्थित सामुदायिक वनमा हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन्। नवलपरासी (पश्चिम), प्रतापपुर गाउँपालिका-५ धर्मौलीस्थित कोटही मन्दिर नजिकै खाली जमिनमा सोही ठाउँ बस्ने २७ वर्षीय कौलेश कहाँर आइतबार मृत अवस्थामा फेला परेका छन्।

भोजपुर, अरुण गाउँपालिका-१ घ्याङसिङ बस्ने ६९ वर्षीय बीर बहादुर पुलामी मगर आफ्नै घरदेखि करिब ३ सय मिटर टाढा भीर मुनी आइतबार मृत अवस्थामा फेला परेका छन्। वैशाख १० गतेदेखि हराएका उनको खोजी गर्ने क्रममा शव फेला परेको हो।

कोभिडको चुनौती सामना गर्न प्रभावकारी व्यवस्थापनमा महानिरीक्षक थापा

काठमाडौं। प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीलेकोभिड-१९ को दोस्रो लहरबाट सिर्जित हुन सक्ने समस्या तथा चुनौतीलाई दृष्टिगत गरी यसको नियन्त्रणका लागि चाल्नुपर्ने कदम तथा प्रभावकारी व्यवस्थापनमा प्रहरी कर्मचारीहरू सक्रिय रुपमा लाग्नुपर्ने बताउनुभएको छ।

उपत्यकास्थित प्रहरी कार्यालयका प्रमुखहरूलाई प्रहरी प्रधान कार्यालयमा आइतबारआयोजित कार्यक्रमबीच निर्देशन सम्बोधन गर्दै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले उक्त कुरा बताउनुभएको हो।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Fritter = खेराफाल्नु As he has nothing to do, he fritters away his time in idle conversation (उस्को गर्ने काम केही नभएको हुंदा उ आफ्नो समय अल्छि लाग्दो कुरा गरेर विताउदछ)

Gratify = खुसी पार्नु His success in the job gratified his parents very much (उस्ले जागिरमा पाएको सफलताले उस्को वावुआमालाई निकै खुसी तुल्यायो)

Hireling = कामदार I do not want to deal with hirelings rather directly with chiefs म कामदारहरूसंग नभै सिधै हाकिमसंग कामको छिनोफानो गर्न चहान्छु )

Innocuous = हानी नगर्ने A glass of wine with dinner is always innocuous and thus has no ill effect (वेलुकाको खानासंगको एक गिलास रक्सीले कुनै हानी गर्दैन)

Loiter = हल्ली रहनु The policemen suggested him not to loiter in the restricted area (निषेधित क्षेत्रमा नहल्ली रहन प्रहरीहले उस्लाई सल्लाह दिए)

Muggy= न्यानो तर सुख्खा The month of April in Kathmandu is muggy (चैत्र महिनामा काठमाण्डौमा न्यानो तर सुख्खा हुन्छ )

Nether = तलको, Underwears are nether garments (कट्टु तलतिर लगाउने लुगा हुन )

Ossify = परिवर्तन भै हाड जस्तो कडा हुनु His idea has ossified into strong belief (उस्को विचारधारा परिवर्तन भै गहिरो विश्वासमा परिणत भएको छ )

Prodigal = लापरवाहीपूर्वक खर्च गर्ने प्रवृत्ति He will not be so prodigal about spending money when he himself will start earning (जव उ आफैले कमाउन थाल्नेछ तव लापरवाहीपूर्वक खर्च गर्ने छैन)

Quack= ठग Do not be misled by such a quark, he can not cure you (यस्तो ठगको विश्वाश नगर उस्ले तिमीलाई निको पार्न सक्नेछैन)

## Serve बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Serve as = रुपमा काम गर्नु He serves as gardener in my house उ मेरो घरमा बगैचेको रुपमा काम गर्छ।

Serve as something = रुपमा लिनु This serves as an humanitarian work यसलाई मानवियकामको रुपमा लिइन्छ।

Serve in something = मा सेवा गर्नु He has served for twenty years in army उसले सेनामा २० वर्ष काम गरेको छ।

Serve under = मुन्तिर रहेर सेवा गर्नु She has served in this orphanage under my guidance यो अनाथाश्रममा तिन्ले मेरो मुन्तिर रहेर सेवा गरेकि छिन।

Serve dinner = बेलुकिको खाना लगाउनु As all the guests are already arrived, lets serve the dinner पाहुना जति सबै आइसके अव बेलकिको खाना लगाऔं।

Serve at table = टेवलमा खाना सजाउने He is from rural area, he has to learn yet to serve at table उ ग्रामिण क्षेत्रबाट आएको हो, टेवलमा खाना कसरि सजाउनु पर्छ भन्ने कुरा उस्ले सिक्नै वाकि छ।

Serve something to = खान दिनु The dinner is not yet over, we have yet to serve sweets at the end बेलुकाको खाना अझै सकिएको छैन, अन्तमा मिठाइ खान दिन वाकि नै छ।

Serve as = रुपमा प्रयाग हुनु This room can serve as kitchen यस कोठालाई भान्छाको रुपमा प्रयोग गर्न सकिन्छ।

Serve with = सम्पन हुनु This town is well served with public transport यो शहर सार्वजनिक यातायात सुविधा बाट सम्पन्न।

Serve the purpose = काम लाग्नु This machine is exactly not what I am looking for but it serves my purpose यो मेशिन मैले खोजेको जस्तो ठ्याक्कै नभएतापनि यो मेरो लागि काम लाग्छ।

## सुडोकु-अंक २२४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | ९ | ७ | | १ | २ | ३ | |
| ६ | | | | | | | | ८ |
| ३ | ८ | | | | | | १ | ४ |
| | | १ | ३ | | ४ | ८ | | |
| | | | | | | | २ | |
| | | ३ | २ | | ८ | ५ | | |
| १ | ९ | | | | | | ८ | ५ |
| ७ | | | | | | | | २ |
| | २ | ५ | १ | | ३ | ६ | ९ | |

## अंक २२३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ९ | ३ | १ | ८ | ६ | ४ | ७ | २ |
| ६ | २ | ४ | ३ | ५ | ७ | १ | ९ | ८ |
| ७ | ८ | १ | ४ | ९ | २ | ५ | ६ | ३ |
| १ | ६ | ९ | ७ | २ | ८ | ३ | ५ | ४ |
| ४ | ५ | २ | ९ | १ | ३ | ७ | ८ | ६ |
| ८ | ३ | ७ | ५ | ६ | ४ | २ | १ | ९ |
| ९ | १ | ६ | २ | ४ | ५ | ८ | ३ | ७ |
| २ | ७ | ५ | ८ | ३ | ९ | ६ | ४ | १ |
| ३ | ४ | ८ | ६ | ७ | १ | ९ | २ | ५ |

# LET US REUNIFY THE COUNTRY INDEPENDENTLY AND PEACEFULLY THROUGH THE GREAT UNITY OF THE ENTIRE NATION

*Letter to the National Symposium to Mark the 50th Anniversary of the Historic Joint Conference of Representatives of Political Parties and Public Organizations in North and South Korea*

*April 18, Juche87 (1998)*

We have recently observed the 5th anniversary of the publication of theTen-Point Programme of the Great Unity of the Whole Nation for the Reunification of the Country and soon will greet the 50th anniversary of the historic Joint Conference of Representatives of Political Parties and Public Organizations in North and South Korea. The north-south joint conference,which was proposed by the great leader Comrade Kim Il Sung and held under his guidance in Pyongyang in April Juche37 (1948),was a historic national event to secure the destiny of the country and nation,by realizing the great unity of the entire nation under the banner of reunification and patriotism. At that time there was the danger that the division of the nation would be perpetuated because of the machinations of the US imperialists and their stooges who were trying to hold a "separate election" and establish a "separate government" in south Korea.The great Comrade Kim Il Sung convened the north-south joint conference, succeeded in uniting different political parties and groups as well as the patriotic forces of different sections of the population in the north and the south, rendering remarkable services to the noble cause of realizing the sovereignty, independence and reunification of the country.

In the extremely complex political situation in the years immediately after liberation, the representatives of nearly all the political parties and public organizations and even die-hard anti-communist nationalists in south Korea with the exception of a handful of traitors to the nation participated in the broad national conference. They reached a unanimous agreement and launched a nationwide patriotic struggle. This was a brilliant fruition of the great leader's policy of independent national reunification and of his idea of great national unity as well as the first historic victory of the patriotic forces of reunification. The April north-south joint conference clearly showed that communists, nationalists and various other political forces and different sections of the population could get united in the struggle for the common cause of the nation, regardless of difference in ideology, ideals, political views and religious beliefs. It also demonstrated that the independent and peaceful reunification of the country could be realized through north-south harmony and the unity of the entire nation. The north-south joint conference became a reality thanks to the great leader's painstaking efforts and his guidance. It will continue to be remembered forever as a patriotic conference that demonstrated the great unity of our nation.On the occasion of its 50th anniversary, the conference and all its achievements shall inspire all the Koreans in the north, south and abroad to work harder for national unity and reunification with enthusiasm, confidence andcourage.

The great leader Comrade Kim Il Sung clarified the question of nation in a fresh light on the basis of the Juche idea in his early years, advanced the original idea of great national unity and brilliantly applying it throughout the history of the struggle for national liberation, the building of a new state and the reunification of the country, set a noble example of great national unity. The great leader's idea of great national unity encourages all classes of society to unite solidly to safeguard and realize national independence by placing the common desire and interests of the nation above every thing else regardless of difference in ideology and ideals, political views and religious beliefs, property status and social positions.

The Juche idea scientifically elucidated for the first time the law of the development of the nation and the basis of national unity. The country and nation are the home of people as well as the basic unit for the people to shape their destiny.Since the people live and shape their destiny within the unit of the nation-state, the destiny of the members of the nation is inseparably linked with the destiny of the nation, and the basic question in shaping the nation's destiny boils down to safeguarding and realizing national independence.Nobody can live separately from his country and nation, and no class and no section of the nation can shape its destiny properly unless the independence of the nation is ensured. A nation has its traits that have been shaped and consolidated historically as well as its common desire and interests that transcend the difference ofclasses and strata. The national traits and common interests constitute the basisofnationalunityonwhichtobinddifferentclassesandstrataof the nation in a broad spectrum. The great leader's idea of great national unity is a thorough idea of national independence, a noble idea of patriotism and an idea of a broadest national unity—an application of the Juche idea to the question of the nation. The question of national unity is all the more urgent in view of the unique traits of our nation and characteristics of the historical development of our country. Our nation, as a homogeneous one with time-honoured history and culture, is highly patriotic and strong in esprit de corps. One time in the past, however, our nation suffered the misfortune of losing its sovereignty because of the struggle for power among the corrupt and incompetent feudal rulers and as a result of their sycophant, traitorous acts. In subsequent years, too, the nationalist movement and the early communist movement failed because of factional strife and sycophancy. The great leader's idea of great national unity is an outstanding idea that shows the absolutely correct way of preserving and highly displaying the excellence of our national traits, putting an end to the shameful history of national suffering and achieving the sovereignty and independence of the country and nationalprosperity.

The Juche-orientated idea of great national unity elucidated by the respected Comrade Kim Il Sung, the author of the great Juche idea, ardent patriot, and man of broad calibre and magnanimity, provided our nation with a powerful ideological and spiritual weapon for achieving the great unity of the entire nation and for independently shaping the destiny of the country and nation. The Juche-orientated idea of great national unity is an original idea that raised the question of nation and the question of national unity in a fresh light and comprehensively and profoundly clarified them by reflecting the main trend of our times when all the oppressed nations and the peoples of all countries have achieved liberation and independence or are heading for independence. It is a great idea that has provided the world people with a correct guideline. It is the banner of struggle for victory in the cause of anti-imperialist independence. The respected leader's elucidation of the Juche-orientated theory of nation and the idea of the great unity of the entire nation,whichgave a new scientific clarification to the question of the nation and the question of national unity, constitutes one of his great ideological and theoretical achievements and a pre-eminent contribution to global independence and to humanity's cause of independence.

The great leader Comrade Kim Il Sung not only advanced the ideaofgreatnationalunitybasedontheJucheidea,butalsoworked with great pains all his life for the unity of our nation. During the anti-Japanese revolutionary struggle the great leader united all the patriotic forces from all walks of life under the banner of resistance against Japan and led the anti-Japanese national liberation struggle to victory. The Association for the Restoration of the Fatherland organized in this period was the anti-Japanese national united front which embraced the broad patriotic forces—communists, nationalists, workers, peasants, intellectuals, youths, students and even conscientious religious men and capitalists; this organization struck root deep in vast areas at home and abroad. In the course of the just struggle of all the anti-Japanese patriotic forces for national liberation under the guidance of the great leader, valuable experience was gained in achieving national unity and fine traditions were established in this work.

After liberation the great leader raised the slogan, "The entirenation must unite, those with strength contribute strength, those with knowledge devote knowledge and those with money offer money to the building of a new country" and encouraged the people from all strataofsocietywholovethecountryandnationtocomeoutasone for the building of a democratic, independent and sovereignstate.

Owing to territorial and national division, the great unity of the entire nation became the most serious and urgent question vital to thedestinyofthecountryandnation.Fromthefirstdaysofnational division the great leader wisely guided the struggle to achievegreat national unity under the banner of national reunification and thus developed the national reunification movement into a nationwide movement. He opened the way to dialogues and negotiations between the north and south, which had been tightly closed to each other and advanced the three principles of national reunification—independence, peaceful reunification and a great national unity—laying a solid foundation for national unity and nationalreunification. He guided the different sections of our compatriots in the north, south and abroad along the patriotic road to national unity and national reunification.

The Ten-Point Programme of the Great Unity of the Whole Nation for the Reunification of the Country written by the great leader in the last days of his life is the summary of his idea of great national unity and his practical experience as well as an immortal document for great national unity. This programme elucidates the fundamental principles and the ideological basis to be maintained in achieving the great unity of the nation and the specific tasks and ways of implementing them.

The idea of great national unity, the ten-point programme of the great unity of the whole nation advanced by the great leader, the valuable experience he gained in his work for national unity and the brilliant results of his distinguished services are the eternal wealth of our country and nation and the solid foundation for great nationalunity and national reunification. Achieving great national unity and reunifying the country in our generation by defending and faithfully inheriting the great idea of national unity, brilliant achievements, valuable experience and traditions left by the great leader is our unshakable determination and will. True to the great leader's idea of great national unity and his ten-point programme of the great unity of the whole nation, we must work for the great unity of all the Koreans in the north, south and abroad and achieve the independent, peaceful reunification of the country by the united efforts of the nation.


KIM JONG IL

Our nation is the motive force of national reunification, which means reconnecting the severed bloodties between the north and the south and realizing national unity. Without reconciliation between north and south and great national unity, the independent, peaceful reunification of the country would be inconceivable.The great unity of the entire nation means national reunification. Today, the great unity of our nation and national reunification have become a more urgent question than before. In view of the situation at home and abroad, the fundamental interests of our nation and the trend of the times, it is the right time for us to save the destiny of the country and nation through the great unity of the entire nation and demonstrate the dignity and honourof a reunified country and one nation.

Putting an end to the tragedy of territorial division and national split that has lasted over half a century and achieving nationalunity and the country's reunification are the vital demands and the supreme task of the nation that must not be delayed any longer.The longer the division remained, the greater the misfortunes and sufferings of our nation would be, and the greater the risks of the nation becoming heterogeneous. Further distrust and confrontation between the north and the south might invite national calamity.The foreign forces, which do not like Korea's reunification, are now fanning confrontation between the north and the south in an attempt to fish in troubled waters; the imperialists are intensifying their plot of dominating the world under the pretext of "globalization". If our country remained in confrontation, divided into north and south, in such a complex and threatening situation as to day,our nation would be unable to free itself from foreign domination and subjugation, playing into the hands of foreign forces, and might be reduced to colonial slavery. Nobody with a Korean soul can shut his eyes to national unity and national reunification. Trying to delay the solution to the reunification problem, shutting his eyes to it, amounts to an attempt to perpetuate division. Our nation must overcome all difficulties and obstacles standing in the way of national reunification, achieve the great unity of the nation as soon as possible, and reunify the country.We are sure that the country can be reunified.

It is not two different nations that stand in confrontation in the north and south of Korea, but it is one nation on the same land that is divided artificially by foreign forces. The Korean nation is a homogeneous nation that has inherited the same blood and lived in same territory speaking the same language for thousands of years. All the Koreans in the north, south and abroad belong to the same nation with the blood and soul of the Korean nation and are linked inseparably with the same national interests and the common national psychology and sentiments. No force can ever split into two forever the single Korean nation that has been formed and developed through a long history, nor can it obliterate our nation and our national traits. The present division of our nation into north and south is a temporary misfortune and a tragedy in the context of 5,000 yearsof its history. The reunion of our nation that has been divided by foreign forces is an inevitable trend of our nation's history and the law of national development.

In the past, the Japanese imperialists resorted to every conceivable scheme to annihilate our nation, occupying our country and enforcing the most heinous colonial rule. However, the Korean revolutionaries and patriots launched a bloody struggle to save the country and the nation, and finally destroyed Japanese imperialism and liberated their country. After the defeat of Japanese imperialism, the US imperialists occupied south Korea, lording it over there, trampling upon our national sovereignty, and trying tenaciously to keep our nation divided forever. But the spirit of the nation remains alive among the south Korean people. Broad sections of the people in south Korea particularly the young people and students continue to fight bravely against the domination of foreign forces and the treachery of the south Korean rulers. This is a manifestation of the national indignation of south Korean brothers who resist tyranny and humiliation and of the unbreakable spirit of our nation. The national trend towards reunification is mounting higher with each passing day. It would be impossible to break or check our nation's will and desire to reunify the country through the unity of the entire nation. We must redouble our efforts to achieve the great unity of the entire nation and the independent and peaceful reunification of the country, full of confidence and optimism.

Great national unity must be based thoroughly on the principle of national independence.

National independence is the lifeblood of a nation; safeguarding independence is a fundamental guarantee for a nation's existence and development. Only when we adhere to the principle of national independence can we defend the national rights and interests,shape the nation's destiny independently in keeping with the will and demand of our nation, and fully exercise our sovereignty on the international arena and develop the relations with foreign countries on the principles of complete equality and mutual benefit. National independence is the source of national dignity and honour, pride and self-confidence, as well as the indomitable will and spirit of the nation. If a nation loses its independence and fails to get rid of domination and subjugation by foreign forces, it will be unable to avoid humiliation and insult and being a ruined nation with its rights and interests, its traits and dignity down trodden.

The principle of national independence is the key to the question of nation and the very basis of the great unity of the entire nation.It requires that the nation should fight in unity against domination and subjugation by foreign forces and for its independence. Ourstruggle for the great unity of the entire nation is precisely a struggle to achieve our national sovereignty across the whole country, a struggle to accomplish the cause of national reunification by our own national force, and ensure the independent development of the reunified country and the common prosperity of the nation. Both great national unity and national reunification are aimed at preserving the independenceofthecountryandthenation.

The principle of national independence is a touchstone that distinguishes patriotism from treachery to the nation, the line of reunification from the line of division. Claiming for independence and north-south reconciliation and unity while pursuing the policy of dependence on foreign forces is nothing but empty talk. Just as patriotism is incompatible with treachery to the nation, so is national independence incompatible with dependence on foreign forces. He who truly desires north-south reconciliation, national unity and national reunification must follow the road of national independence, not the path of dependence on foreign forces.

National unity is always aimed at defending and realizing national independence; it is inconceivable to talk about national unity apart from the principle of national independence. Only when we achieve the great unity of the entire nation on the basis of the principle of national independence, can our nation become a true master of its destiny, a strong driving and decisive force of national reunificationand national prosperity. We must categorically oppose and reject sycophancy to great powers and dependence on foreign forces, and achieve great national unity on the basis of the principle of national independence.The entire nation must unite under the banner of patriotism, thebanner of national reunification.

Loving one's country and nation and cherishing one's national traits are the common psychology and sentiment of the members of the nation. Ours is a nation with strong national character, cherishing ardent love for the country and fellow countrymen and treasuring and inheriting the national soul. Our nation's patriotic spirit and inherent traits form a strong ideological and spiritual basis of the great unity of the whole nation. Moreover, to our nation that has suffered all types of misfortune and pains caused by national division, national reunification is a supreme national demand, and the banner of national reunification is the banner of common national struggle, the banner of great unity of the whole nation. The entire nation must achieve great unity for the great common cause of the nation, on the basis of the inherent traits of the Koreannation.

There are a variety of differences, including those in ideology and system between the north and south that have been kept divided for overhalfacentury. However, the national community as one nation is far greater than them. The demands and interests of different classes and strata of the nation are different from one another; butthe primary task facing our nation today is national reunification, and we must subordinate everything to the cause of national reunification. If we regard the difference in ideology and system between north and south as absolute, and put aside the national community and the common interests of the nation while bringing the interests of individual classes and strata to the fore,we can achieve neither great national unity nor national reunification.

All the Koreans in the north, south and abroad must unite closely under the banner of patriotism, the banner of national reunification, irrespective of their difference in ideology and system, political views and religion, transcending the interests of classes and strata. All the members of the nation—workers, farmers, intellectuals, youths and students, the urban petty-bourgeoisie, national capitalists, politicians, economists, men of culture, religious men and soldiers—must fight in unity for national reunification, and make an active contribution to the cause of national reunification.

It is our steadfast standpoint and consistent policy to embrace and unite all the people who cherish the soul of the nation and all the people who love the country and nation, irrespective of their ideology and system, class and stratum,for the great unity of the entire nation. Our all-embracing politics is the politics of noble love for humanity that embracese very body with loving care.It is the most magnanimous and patriotic politics that unites all the classes and strata of the nation rock-solid for the common cause of the country and nation. We will invariably carry on the all-embracing politics on the road to national unity and country's reunification, unite with anybody with national conscience and aspiration to the country's reunification and advance hand in hand in the same rank for the country's reunification. People who have taken a wrong path in the past can repent of their mistakes and embark on the road of patriotism. On the principle of asking no question about the past, we will approach with generosity those who went the wrong way against the nation in the past, but now truly repen to their mistakes and try to contribute to the cause of national reunification, and will advance with them for national reunification. We will also unite with people from upper classes in power, figures from the ruling party and the opposition party, big capitalists and generals under the banner of great unity of the nation, if they value the common interests of the nation and want the reunification of thecountry.

Once we join hands with people, we will cooperate with them not only on the road to national reunification but also in the struggle for the prosperity of the reunified country and will highly evaluate,in the name of the nation, those who have made contribution to national reunification.

The north and south must improve their relations in order to achieve the great unity of our nation. To replace the relations of distrust and confrontation between north and south with those of trust and reconciliation is a pressing requirement for national unity and national reunification.The successive south Korean authorities have obstructed harmony between the north and the south with their anti-north confrontation policy that regards the fellow countrymen as enemies and foments hostility and discord among the nation and hindered the great unity of the nation in every way. The south Korean authorities' anti-north confrontation policy is the root that gives rise to misunderstanding and distrust between the north and south. It is the stumbling block to the improvement of the north-south relations and nationalunity.If the south Korean authorities continue to pursuethehostile anti-north confrontation policy, it will be impossible tocreatean atmosphere of trust and reconciliation between the northandsouth. It will only increase tension and bring about an irretrievable result. When different ideologies and systems exist in the northandthe south,denial of the otherside's ideology and system will make it impossible to avoid confrontation.The north and the south, on the basis of recognizing the existence of the different ideologies and systems, must achieve harmony, promote co-existence,co-prosperity and common interests and open the way to national reunification.

Whoever is hostile to his fellow countrymen and pursues the anti-northconfrontationpolicywiththebackingofforeignforcesand in cooperation with them, will be cursed and condemned by thepeople and cannot escape the judgement of history. This can be illustrated by the wretched ends of successive rulers of south Korea. If the south Korean authorities donot want to follow in the footsteps of their predecessors, they should learn a lesson from their ends and make a resolute decision to break with the outmoded anti-north confrontation. If the south Korean authorities change their policy and convert the anti-north confrontation policy into reconciliationpolicy of alliance with the north, the relations between the north and the south will develop into those of trust and reconciliation and a new phase be opened for national unity and national reunification. The south Korean authorities must change their anti-north confrontation policy into reconciliation policy of alliance with the north from a patriotic standpoint and take the road of national reconciliation and unity. In south Korea the fascist laws and machinery that obstruct the unity of the nation and the reunification of the country must be abolished and all sorts of political barriers removed.

Our position in relation to the south Korean authorities is clear. We were against the successive rulers of south Korea not because they were in power.We were opposed to their policy of dependence on foreign forces, their policy against reunification, and their treachery to the country and nation. If the south Korean authorities take the patriotic stand, the stand of unity in alliance with the north, we will work with them to shape the destiny of the nation.

For the great unity of our nation, we must reject domination and interference of the foreign forces and fight against the traitors to the nation, the anti-reunification forces, who are in collusion with the foreign forces.

Domination and interference of the foreign forces is the major obstacle to the unity of our nation and the reunification of the country. Our nation has been divided into north and south by the foreign forces, and the country and nation have not yet been reunified because of their domination and interference.Dividing and ruling other nations is a stereotyped method used by imperialists. In disregard of the demand of our nation for national reunification and running against the trend of the age of independence, the United States is pursuing as ever its ambition to keep our nation divided forever and rule it. It is aggravating the situation by fomenting antagonism and discord among our nation, instigating the south Korean authorities to confrontation against their fellow countrymen, continuing to keep its troops in south Korea andc easelessly stepping up war exercises and military buildup.

Under the instigation and manipulation of the foreign forces, the successive south Korean rulers have built the wall of division, intensified the political and military confrontation between the north and south, put down the south Korean people,whoseek independence, democracy and national reunification, and resorted to every scheme to divide and disintegrate the patriotic, democratic force that fights for reunification.

Without fighting against the domination and interference of the foreign forces and the divisive force at home and abroad, it would be impossible to realize unity between north and south, the great unity of the nation and the reunification of thecountry.

Through a nationwide struggle against the domination and interference of the foreign forces, all the Koreans in the north, south and abroad must root up the cause of obstruction to national unity and reunification. They must also launch a resolute struggle against the anti-reunification policies and the schemes for national division pursued by the traitors to the nation, who collaborate with the foreign forces for their personal wealth and power with no regard for the destiny of the country and nation.

The patriotic, democratic force that fights for reunification must heighten their vigilance against the cunning machinations of the divisive elements aimed at wedge-driving and disintegration and counter them by the force of unity. All the political parties, organizations and public figures and people from various social strata who love the country and nation and seek reunification must regard the great cause of national unity and reunification as a supreme demand, strengthen their unity, continue to expand the patriotic ranks for reunification and organize them on a solid basis.

For the great unity of the nation all the Koreans in the north, south and abroad must visit one another, hold contacts, promote dialogue and strengthen solidarity.

Promoting wide-ranging visits, contacts, dialogues and solidarity among our compatriots is an important way to achieve the great unity of the nation. Even though there is difference in ideologies, ideals, political views and religious beliefs within our nation, the fellow countrymen can build up mutual understanding and trust and pool their will and efforts for the common objective of the nation if they all freely travel, hold contacts and dialogues and strengthen solidarity. Cherishing the noble ideals of great national unity and national reunification, all our compatriots in the north, south and abroad must strive to realize travel, contact, dialogue and organizational solidarity.

Dialogue between the north and south must serve national unity and reunification. No one must make use of the dialogue to pursue dishonest political objectives or to perpetuate the division of the country. The dialogue must be held on the principle of giving precedence to the common interests of the nation, eliminating distrust and confrontation between the northand south and subordinating everything to reunifying the country.

The dialogue must not be the monopoly of a few men in authorities or of a particular class or section. It must be an all-embracing, nation wide dialogue that can pool the opinions of all political parties, groups and social sections. The dialogue must be participated in by the representatives of all political parties and social organizations including the authorities, and public figures and people from various walks of life in the north and south and the overseas compatriots. Bilateral and multilateral dialogues and negotiations of various forms must bepromoted.

The great unity of the entire nation will be realized and consolidated in the course of developing joint actions in solidarity in the struggle for national reunification. All the political parties, organizations and fellow countrymen in the north, south and abroad must support and keep pace with one another, taking joint action in the effort for the reunification of the country.

The struggle of our nation for the independent and peaceful reunification of the country is now entering a new historical phase. The road to reunification is still beset with many obstacles and difficulties,but we are optimistic about its future.Our nation is one, and so is our country. Our nation will achieve great unity under the banner of national reunification without fail.

I am convinced that the whole nation in the north, south and abroad will realize the historic cause of national reunification through united effort in our generation, true to the great leader Comrade Kim IlSung's instructions for national reunification.

## कलियुग...

जनताको मालिक बन्न नपाउन्जेल सबै मै गर्न सक्छु भन्ने झूटो प्रलोभन दिएर मालिकपश्चात् जनतालाई नै बलीको बोको बनाउने सबै व्यवस्था भोग्यौं, देख्यौं र देखेँछौं । मानवले मानवलाई सुरक्षित गर्न ज्ञान विज्ञानको खुबै रफ्तार पायौं । घर बसी बसी संसारको सबै कुना चियाउने, हेर्ने र बोल्न पाउने सबै पायौं । पाउँदा पाउँदै हामीले अस्लाई चिडियाखानामा राख्ने मानव आज आफैं चिडियाखानामा बस्ने दिनको परिकल्पना पनि गरायौं र पुनः पुनः हुने दिनको प्रतीक्षा पनि गर्दैछौं ।

आज विश्व रोइरहेको छ, कहालिलाग्दो अवस्था भोगिरहेछ, तड्पिरहेको छ । एउटा जावो जैविक भाइरस (कोभिड–१९) अर्थात् कोरोना भाइरस कसले बनायो ? कि यो प्राकृतिक हो ? बनाइएकै हो भने कसले बनायो ? चीनले, भारतले, अमेरिकाले, कि इटालीले बनायो ? यो सबै कुराहरू आज विश्वको हरेक चिया पसलदेखि पाँचतारे होटलसम्म, मजदुरी गर्ने मजदुरदेखि लिएर अलिसान जहाजमा सैर गर्नेसम्मको गफ बनेको छ, समस्या बनेको छ । मानवहरू आ–आफ्नै घरमा लुकेर बस्ने दिनहरूको गणना गरियो र अझ कति गर्दै जानुपर्ने हो ? आफ्नै अविभावकलाई पनि घरभित्र प्रवेश निषेधको अवस्था छ । कसैले उपहार दियो भने पनि सशंकित छ मानव ।

यो सबै परिस्थितिको अवलोकन मूल्यांकन गर्ने आधिकारिक अन्वेषकहरू, अनुसन्धानकर्ताहरू, वैज्ञानिकहरू सबैलाई यतिखेर चटारो नै होला । र सबै राष्ट्र प्रमुखहरू पनि यतिखेर व्यस्त नै होलान् । कसले उत्पादन गऱ्यो र किन गऱ्यो भन्ने कुरो मूल्यांकन वा कार्यवाही कोरोना नियन्त्रणमा आएपछि पक्कै होला ।

तर सबै देशका जनता सबैलाई घरघरमा बस्ने उर्दी जारी गरेको अवस्था छ । कतै एक हप्ते, कतै २१ दिने उर्दी छ भने कतै महामारी नरोकिउन्जेलसम्म घरको कोठा कोठमा गुजुल्टिएर बस्नु परेको अवस्था छ । ती घरभित्र बस्नेहरूले के खान्छन्, के लाउँछन्, सावधानीमा के के अपनाएको छ ? भन्ने हेक्का राष्ट्र प्रमुखहरूको दायित्वभित्र पर्दछ । यसरी नै घरभित्रै बस्नुपर्ने म्याद बढाउनुपर्ने बाध्यकारी अवस्थामा सरकारले जनताको आवश्यकता पुऱ्याउन घर दैलोमै पुग्नुपर्ने हुन्छ ।

हुने खाने र हुँदा खानेहरूको फराकिलो दूरी छ । हुनेहरूले पैसाको बलमा घरमै मगाउन सक्लान् तर हुँदा खानेहरूको हकमा कसले विचार पुऱ्याउने ? काम नगरी हातमुख जोर्न नसक्नेहरू महिनौं घरभित्रै बस्नुपऱ्यो भने, रोग हैन भोकले नै चाँडै लैजाला । मानवले मानवलाई नै लुटेर खाएर बाँच्नुपर्ने अवस्था पनि सृजना नहोला भन्न सकिदैन ।

सरकारले यसतर्फ पनि ध्यान दिएर समयको सदुपयोग गर्नुपऱ्यो र अब गरिने कोरोना लकडाउनको अवधिमा जनताको जिउज्यानको जिम्मा लिएर सबै व्यवस्था तथा जोहो गरेर मात्र लकडाउन घोषणा गरिनुपर्छ । औषधिमूलो, उपचार, उपभोग्य सामानहरूको पर्याप्तता गराएर मात्र लकडाउन गर्नु गराउन स्थानिय पदाधिकारीहरूलाई सुझाव छ ।

## भयग्रस्त...

मृत्युदर डरलाग्दो रुपमा बढेपछि सरकारले निषेधाज्ञाको सहारा लिनु परेको हो । जब छिमेकी मुलुक भारतमा संक्रमित संख्या बढ्न र अनियन्त्रित हुन थाल्यो यसको सिधा प्रभाव नेपालमा पर्नु स्वाभाविक हो । भारत नेपालीहरूको रोजगारीको गन्तव्य मुलुकमध्ये एक हो । भारतमा कति संख्यामा नेपाली कामदारहरू छन् भन्ने एकिन तथ्यांक राज्यसँग छैन । नेपाल र भारतबीच खुला सीमा भएका कारण निर्वाध रुपले आवतजावत हुने गरेको छ । त्यसो त भारतीयहरू पनि रोजगारीका लागि ठूलो संख्यामा नेपाल आउने गरेका छन् । दुवै देशका नागरिकलाई आवतजावत गर्न 'वर्क परमिट' चाहिँदैन । नेपालमा कति भारतीय कामदारहरू छन्, त्यसको तथ्यांक पनि नेपाल सरकारसँग छैन । ०६८ को जनगणना अनुसार भारतमा ७३ दशमलव २ प्रतिशत नेपालीहरू छन् । त्यो भनेको ७ लाख १४ हजार हो । पछिल्लो समय कामका लागि भारत जाने क्रम घटेको तथा तेस्रो मुलुक जाने क्रम बढेकाले पनि भारतमा नेपालीको संख्या त्यसभन्दा बढी नभएको र नेपालमा २६ लाख बढी भारतीय भएको अनुमान छ ।

जब भारतमा कोरोनाको दोस्रो लहर छायो रोजगारीमा गएका नेपालीहरू समेत संक्रमित हुन थाले । भारतमा कति नेपाली संक्रमित भएका छन् र कतिले ज्यान गुमाए नेपाल सरकार बेखबर छ । महाराष्ट्र, कर्णाटक, नयाँदिल्ली लगायत राज्यहरूमा कोरोनाबाट बच्न लकडाउन गरियो । लकडाउनको अवस्था आउने संकेत बुझेर भारतमा कार्यरत नेपालीहरू स्वदेश फर्किन थाले । सरकारले सीमा नाकामा हेल्थ डेस्क राख्ने र परीक्षण गर्ने काम गरेन । भारतबाट भित्रिएका नेपालीहरूले तराई, उपत्यका, पहाड हिमालसम्म कोरोनाको युके भेरियन्ट पुऱ्याए ।

नेपालसँग सीमा जोडिएका भारतीय राज्यहरू उत्तरप्रदेश, बिहार, उत्तराखण्ड र पश्चिम बंगालमा कोरोनाको दोस्रो लहर काबु बाहिर जान थाल्यो । नेपाल सुरक्षित भएको बुझाइमा भारतीयहरू पनि नेपाल ओइरिन थाले । उनीहरूले पनि कोरोना बोकेर ल्याए । दिल्ली काठमाडौं उडानबाट सयौं भारतीयहरू काठमाडौं आउने, कोही तेस्रो मुलुक जाने र कोही यतै बस्ने गर्न थालेपछि उपत्यकाका कोरोनाले डरलाग्दो आकार ग्रहण गऱ्यो । स्वास्थ्य मन्त्रालयले तोकेका स्वास्थ्य मापदण्ड पालना गर्न मानिसहरूले छोडेका कारण कोरोना समुदाय स्तरमै फैलियो । अहिले उपत्यकाका अस्पतालहरू कोरोना संक्रमितले भरिभराउ छन् । अक्सिजन र भेन्टिलेटरको अभावमा बिरामीहरूले ज्यान गुमाइरहेका छन् । स्थिति विस्तारै अत्यासलाग्दो बनिरहेको छ । बेलायतबाट भारत आएका र भारतबाट नेपाल आएकाहरूले दोस्रो प्रजाति सार्ने काम गरे । कोरोनाको दोस्रो प्रजाति भाइरसलाई वैज्ञानिकहरूले १.६७ संज्ञा दिएका छन् । यो पहिलो प्रजातिको तुलनामा बढी आक्रामक र मृत्युदर बढाउने भनिँदैछ ।

कोरोना संक्रमित भएर अस्पताल भर्ना हुनेमध्ये करिब ९० प्रतिशतलाई अक्सिजन आवश्यक पर्ने विज्ञ बताउँछन् । गत वर्ष यो दर ६० प्रतिशत रहेको थियो । कोरोनाको नयाँ भेरियन्ट्स समेत देखिएकाले बिरामीलाई श्वासप्रश्वासको समस्या बढी देखिएको चिकित्सकको भनाइ छ । कोभिड भाइरसले फोक्सोलाई संक्रमित गरेर रगतमा अक्सिजन आपूर्ति अवरोध उत्पन्न गर्छ । अक्सिजनको कमी भएपछि लामो सास लिन थाल्छ दुखाइ कमजोरी लगायत समस्या आइपर्छ । अक्सिजनको समस्या समयमै पूरा गरे बिरामीलाई सहज हुने चिकित्सकहरू बताउँछन् । कोभिडका बिरामी भेन्टिलेटरमा गएपछि फर्काउन गाह्रो हुने भएकाले आवश्यकता देखिनासाथ तुरुन्त अक्सिजन थेरापी गर्नुपर्ने चिकित्सकको भनाइ छ । स्वास्थ्य मन्त्रालयले पर्याप्त अक्सिजन रहेको भने पनि अक्सिजनको अभावमा बिरामीहरू मर्न थालेका छन् । यसले कोरोना विरुद्धको सरकारको तयारी फितलो रहेको प्रमाणित गर्छ ।

कोरोना विरुद्धको खोप लगाएकाहरूमा पनि नयाँ प्रजातिको कोरोना पुष्टि हुनुले यो कति भयावह छ भन्ने पुष्टि हुन्छ । सरकारले कोभिड १९ विरुद्धको खोप ल्याउन बहुराष्ट्रिय कम्पनीसँग संवाद गरे पनि कुनै कम्पनीबाट प्रतिवद्धता आइसकेको छैन । भारतबाट खोप लिएका कारण उसले खोप पठाउनेमा शंकै छ । कोभिड विरुद्धको अक्सफोर्ड अष्ट्राजेनिकाको 'एजेडी १२२२' खोपलाई सिरमसँग २० लाख मात्रा खोप खरिद गरेको नेपालले १० लाख मात्र आपूर्ति भएको छ । ५५ वर्ष माथिकालाई खोप सञ्चालन कार्यक्रम घोषणा गरेको सरकारले समयमै खोप नपाउँदा ६५ वर्ष माथिकालाई मात्र खोप दिन बाध्य भएको छ ।

देशभर फैलिएको संक्रमणको साङ्लो चुँडाउन 'कन्ट्याक ट्रेसिङ' र परीक्षणको दायरा फराकिलो र प्रभावकारी बनाउन जरुरी छ । भारतबाट संक्रमण बोकेर आउनेले समुदायमा नसारुन भन्नका लागि क्वारेन्टाइनको व्यवस्था गरिनु आवश्यक छ । भारतको सिमानाकामा पायक पर्ने स्थानमा एक हजार जनासम्मका लागि होल्डिङ सेन्टर सरकारी निर्णय अझै कार्यान्वयन भएको छैन । जनशक्ति र पूर्वाधार व्यवस्थापन अभावमा उपचार नपाई बिरामीको ज्यान जाने अवस्था कसैगरी निम्तन दिनु हुँदैन । सरकारले अस्पतालका सघन उपचारकक्षा, भेन्टिलेटर अक्सिजन र जनशक्तिको समुचित व्यवस्थापनमा ध्यान दिनुपर्छ । महामारीले भयावह रुप लिने भनेको सरकारी अकर्मण्यता र नागरिकको लापर्वाही नै कारण हो । लकडाउन समस्याको समाधान होइन । यसले निम्त्याउने आर्थिक पक्षको पाटोलाई सरकारले सम्बोधन गर्न नसके नागरिकले निषेधाज्ञा उल्लंघन गर्न सक्छन् ।

## नेकपा माले...

त्यसमा रहेका विविध कमी कमजोरीहरूलाई परिमार्जन गर्न हामीले यस अवधिको गम्भीर समीक्षा गर्नु परेको छ । यो काम गर्दै हामीले नेपाली समाजका विशिष्टताहरूलाई पहिचान र आत्मसात गरी तिनको प्रभावबाट निर्धारित नेपाली समाजको क्रान्तिकारी परिवर्तनको सही बाटोलाई पहिल्याउँदै आज नेपाली कम्युनिष्ट आन्दोलनमा उत्पन्न विवाद, विभाजन, अव्यवस्था, अन्यौल र गम्भिर क्षयमुखी गतिलाई रोक्न प्रभावकारी कदम चाल्नु अत्यावश्यक भैसकेको छ ।

अहिले नेपालको पुँजीवादी जनवादी क्रान्ति विसं २००७, २०१७, २०४६ र २०६३ सालका राजनैतिक परिवर्तन पछिको आफ्नो चौथो उपचरण मार्फत गुज्रिरहेको छ । मार्क्सवाद–लेनिनवाद–माओत्सेतुङ विचारधारा र नेपाल चिन्तनको मार्गदर्शनमा ज्वलन्त राष्ट्रिय समस्याका नेपालमुखी समाधानका अजेण्डाको जगमा जनमत र जनआन्दोलनको बलमा नवप्रवर्तनकारी ढंगले देशभक्त प्रगतिशील लोकतान्त्रिक वैकल्पिक शक्ति र त्यसको सरकार निर्माण गर्ने तात्कालिक कार्यनीति लागु गर्नु आजको अपरिहार्य आवश्यकता हो भन्ने नेकपा (माले) को ठहर रहेकोछ ।

विश्व कम्युनिष्ट आन्दोलनका नेता सर्वहारा समाजवादका प्रमुख अभियन्ता कमरेड भ्लादिमिर इल्यिच उल्यानोभ लेनिनको १५३ औं जन्म जयन्ति २२ अप्रिल हो । यस सन्दर्भमा हामी कमरेड लेनिनका महान योगदानहरूलाई उच्च सम्मान गर्दै नेकपाको ७३ औं स्थापना दिवसको अवसरमा नेपाल लगायत विश्वका समस्त सर्वहारा श्रमजिवीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।'

## मास्कमा...

संकटका बेलामा घटाएर दिनुपर्नेमा बढाएर बेच्छन्,' मास्क किन्न आएकी लक्ष्मी परियारले भनिन् । डिलरले एक/एक घण्टामा मूल्य बढाउँदै आफूहरूलाई नै प्रतिपोका १ सय ६०/७० रुपैयाँमा बिक्री गरिरहेको एक औषधि व्यवसायीले बताए । सबै खाले खर्च एवं नाफा राखेर प्रतिप्याकेट १ सय ८० देखि २ सय रुपैयाँमा बेच्नैपर्छ । गत वर्ष ४०/४५ रुपैयाँमा बिक्री भएको केएन–९५ मास्क यहाँको बजारमा अहिले साढे चार सयदेखि ५ सय रुपैयाँमा बिक्री भइरहेको छ । पाँच रुपैयाँ प्रतिगोटामा सहजै पाउने सर्जिकल मास्कको मूल्य अहिले नै १५ रुपैयाँ पुगेको छ । बढी मूल्य लिनेलाई दुई लाख रुपैयाँ जरिवाना गर्न मोरङका प्रमुख जिल्ला अधिकारीले सरोकारवाला निकायलाई आदेश दिए पनि कार्यान्वयन भएको छैन ।

गत वर्षदेखि प्रतिगोटा ४०/५० रुपैयाँमा बिक्री भएको फेससिल्ड अहिले सयदेखि डेढ सय रुपैयाँसम्म बिक्री भइरहेको छ । गत वर्ष सामान्य खाले फेस सिल्ड मास्क प्रतिगोटा ३०/४० रुपैयाँ र चस्मावाला ५०/६० रुपैयाँसम्ममा बिक्री भएको औषधि व्यवसायी बताउँछन् । भारतमा मास्क, फेससिल्ड र हेयर क्यापको अभाव भएर माग बढेको उनको भनाइ छ । कोरोना भाइरस रोकथाममा प्रयोग हुने सामग्री विराटनगरबाट भारत गइरहेकाले अभाव भएको खुद्रा औषधि व्यवसायी आनन्द सारडाले बताए ।

## कोरोना कालमा...

दिनुपर्ने बताएका थिए । तर, ठाकुर र महतोले आफ्नो अडान छोडेनन् । त्यसैबीच भट्टराई आफ्नो नियमित स्वास्थ्य जाँचका लागि अस्पताल जानुपर्ने भन्दै बैठकबाट बाहिरिए । त्यसपछि थप कुनै छलफल नभएरै जसपाका शीर्ष नेताहरू बैठकबाट उठेका थिए ।

बैठकमा संघीय परिषद् अध्यक्ष भट्टराई, अध्यक्षद्वय ठाकुर र यादव, तथा वरिष्ठ नेता अशोक राई, महतो र राजेन्द्र श्रेष्ठ उपस्थित थिए । जसपामा भट्टराई र यादवले ५ पुसमा ओलीले चालेको संसद् विघटनलगायत कदम 'प्रतिगामी' भएको भन्दै उनकै नेतृत्वको सरकारमा जानै नहुने मत राख्दै आएका छन् ।

तर, अर्का अध्यक्ष ठाकुर र वरिष्ठ नेता महतोले भने आफ्ना माग पूरा गर्ने सर्तमा ओलीलाई पनि सघाउन सकिने मत राख्दै आएका छन् । ठाकुर र महतो यसैलाई आधार बनाएर ओलीसँग निरन्तर संवादमा छन् । यद्यपि, पार्टीभित्र बहुमत सदस्य आफ्नो पक्षमा रहेकाले अविश्वास प्रस्ताव पास हुने आश्वासन भट्टराई र यादवले कांग्रेस र माओवादीलाई दिएको स्रोतको दावी छ ।

जसपाले निर्णय गर्न नसक्दा माओवादी केन्द्रसमेत केही दिन पर्खिने मनस्थितिमा पुगेको छ । सोमबारको बैठकबाट जसपा निष्कर्षमा पुगेपछि आफू पनि ओलीलाई दिएको समर्थन फिर्ताको विषयमा निर्णय गर्ने मनस्थितिमा माओवादी केन्द्र थियो । त्यसैका लागि पार्टी कार्यालय पेरिसडाँडामा माओवादी केन्द्रको स्थायी कमिटी बैठक करिब चार घन्टासम्म बसेको थियो ।

तर, जसपाले कुनै निर्णय गर्न नसकेपछि माओवादी केन्द्रले स्थायी कमिटी बैठकबाट आफ्नो पार्टीको सांगठनिक विषयमा मात्रै छलफल गरेको थियो । यद्यपि, माओवादी केन्द्र अविश्वास प्रस्ताव ल्याउने र सरकारलाई दिएको समर्थन फिर्ता गर्ने विषयमा पहिले नै स्पष्ट छ । माओवादी केन्द्रले अविश्वास प्रस्ताव दर्ता नभए पनि ओली सरकारलाई दिएको समर्थन फिर्ता गर्ने निर्णय यसअघि नै गरिसकेको छ ।

## पूर्वी नाकामा...

यद्यपि नेपालबाट जानेलाई भने पानीट्यांकी नाकामा रोक लगाइएको छैन । तर, नेपालतर्फ प्रशासनले भने विवाहका लागि बढीमा पाँचजना, अस्पताल जाने र अत्यावश्यक रूपमा भारत जानैपर्ने नेपालीलाई मात्र भारत पठाएको छ ।

इलाका प्रहरी कार्यालय काँकडभिट्टाका अनुसार मंगलबार २१ जना भारतीय नागरिक नेपाल प्रवेश गरे भने पाँच सय ३० नेपाली नेपाल आए । भारततर्फ ८३ नेपाली गए भने ६ सय ४२ भारतीय गएको इलाका प्रहरी कार्यालय काँकडभिट्टाले जनाएको छ ।

यसअघि जिल्ला कोभिड– १९ संकट व्यवस्थापन केन्द्रका बैठकले काँकडभिट्टा नाकामा एक हजार क्षमताको होल्डिङ सेन्टर र कलबलगुढीमा पाँच सय क्षमताको होल्डिङ सेन्टर स्थापना गर्न प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई आग्रह गर्ने निर्णय गरेको थियो । केन्द्रले झापामा १५ वटै स्थानीय तहमा कम्तीमा एक सय बेडको क्वारेन्टिन र ५० बेडको अक्सिजनसहितको आइसोलेसन सेन्टर स्थापना गर्ने निर्णय गरेको प्रजिअ तिम्सिनाले जानकारी दिए ।

विगतमा भारतबाट आएका सीधै घर जान पाउँदैन थिए । विगतमा स्थानीय तहमा क्वारेन्टिन बनाइएको थियो । भारतबाट नेपाल प्रवेश गर्ने प्रत्येक नागरिकलाई क्वारेन्टिनमा राखिने गरेको थियो । तर, अहिले सीधै घर जान्छन् । उनीहरूले क्वारेन्टिन पनि बस्नुपर्दैन ।

## भारतको अवस्था...

सहयोग गर्छौं,' डा. गेब्रेयेससले भने । यसैगरी, संयुक्त राष्ट्रसंघले स्वास्थ्य आपत्काल भनी भारतका अस्पतालमा अक्सिजनको आपूर्ति व्यवस्था गर्ने भएको छ । 'तत्काल अस्पतालको आवश्यकता अक्सिजन नै हो, यसको समाधानका निम्ति हामी सहकार्य हुनेछ,' संयुक्त राष्ट्रसंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ । पछिल्लो डेढ साताादेखि भारतमा कोरोना संक्रमित तथा मृतक संख्या बढ्दो छ ।

एक साताथता विश्वभरिको दैनिक संक्रमित संख्या विश्लेषण गर्दा भारतले मात्र ४८ प्रतिशत हिस्सा ओगटेको देखिन्छ । कोरोना नियन्त्रण गर्नकै लागि नयाँदिल्लीलगायत अन्य विभिन्न सहरमा लकडाउन घोषणा भइरहेको छ । अस्पतालमा कोरोना संक्रमित तथा घाटमा पार्थिव शरीर भरिएका छन् । डब्ल्युएचओले यसलाई 'हृदयविदारक' भनेको छ । यसैबीच, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकाका राष्ट्रपति जो बाइडेनबीच सोमबार टेलिफोन वार्ता भएको भारतीय एजेन्सीहरूले जनाएका छन् । अमेरिकी राष्ट्रपति बाइडेनले भारतमा कोभिड–१९ महामारीविरुद्ध आफूहरूको सहयोग हुने प्रतिबद्धता जनाएका छन् ।

'जब अमेरिका कोभिड–१९ को महमारीविरुद्ध लडिरहेको थियो, त्यसबेला भारतले निकै ठूलो सहयोग गरेको थियो,' बाइडेनले भने, 'अब सहयोग गर्ने पालो अमेरिकाको हो ।' अमेरिकाले सहयोग गर्ने भएपछि प्रधानमन्त्री मोदीले राष्ट्रपति बाइडेनलाई धन्यवाद दिएका छन् । बाइडेनसँगको फोनवार्तापछि मोदीले सोसियल मिडियामा त्यसको जानकारी गराएका हुन् । अमेरिकाले भ्याक्सिन उत्पादनका निम्ति आवश्यक पर्ने सबै सामग्री अमेरिकाले सहयोग गर्ने मोदीले जानकारी दिएका छन् ।

डब्ल्युएचओ, संयुक्त राष्ट्रसंघ तथा अमेरिका मात्र नभएर विश्व नै भारतको अवस्थाप्रति चिन्तित छ । जापानका प्रधानमन्त्री योसिहिदो सुगाले पनि भारतीय प्रधानमन्त्री मोदीसँग फोनवार्तामा सहयोग गर्ने बताएका छन् । यसैगरी, साउदी अरेबियाले भारतलाई ८० टन अक्सिजन उपलब्ध गराउने भएको छ । साउदी अरेबियाको दमाम बन्दरगाहबाट ८० टन भरिएको कार्गो जहाज भारततर्फ लागेको एजेन्सीहरूले जनाएका छन् । यो कार्गो जहाज भारतको मुन्द्रा बन्दरगाहमा पुग्नेछ । त्यहाँबाट नै अक्सिजन अभाव भएका राज्यहरूमा वितरण हुनेछ । भारतको वर्तमान अवस्था समाधान र सहयोगका निम्ति अस्ट्रेलियामा राष्ट्रिय सुरक्षा बैठक बस्ने भएको छ । अस्ट्रेलियाका स्वास्थ्यमन्त्री ग्रेग हान्टले मानवता धर्मअनुसारै भारतलाई सहयोग गर्ने हेतु राष्ट्रिय सुरक्षा बैठक बसेको जानकारी दिएका छन् ।

## अर्थतन्त्र...

अर्थतन्त्रमा परेको असरलाई न्यूनीकरण गर्न विभिन्न नीतिहरू अवलम्बन गरिएको उल्लेख गरे । आर्थिक पुनरुत्थानमा सघाउ पुऱ्याउन राष्ट्र बैंकले कर्जाको ब्याजदर कम, अनिवार्य नगद अनुपातलाई ३ प्रतिशतमा कायम राख्दै निक्षेप संकलनको दरलाई १ प्रतिशतको बिन्दुले र रिपो दरलाई ०.५ प्रतिशत बिन्दुले घटाएको थियो ।

त्यस्तै, अर्थतन्त्रमा परेको प्रभावलाई न्यूनीकरण गर्दै उद्योग, पेशा, व्यवसायको पुनरुत्थानमा सहयोग पुऱ्याउने, पुनर्कर्जामा पहुँच अभिवृद्धि गर्ने र विद्यमान पुनर्कर्जा सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले पुनर्कर्जा कार्यविधि जारी गरी उपलब्ध कोषको ५ गुणासम्म पुनर्कर्जा उपलब्ध गराउने सक्ने व्यवस्था गरेको छ ।

ऋणीहरूलाई चालु पुँजी कर्जाको अधिकतम २० प्रतिशतसम्म र आवधिक कर्जाको अधिकतम १० प्रतिशतसम्म थप कर्जा प्रवाह गर्न सकिने व्यवस्था गरिएको छ। आन्तरिक उत्पादनलाई प्रोत्साहित गरी रोजगारी अभिवृद्धिमा सघाउ पुऱ्याउने अभिप्रायले वाणिज्य बैंकहरूले लघु, साना एवं मझौला उद्यमका क्षेत्रमा १ करोड रुपैयाँभन्दा कम रकमका कर्जा क्रमिक रूपले बढाउँदै जाने गरी २०८१ असार मसान्तसम्म आफ्नो कुल कर्जा लगानीको न्यूनतम १५ प्रतिशत, ऊर्जा क्षेत्रमा न्यूनतम १० प्रतिशत र कृषि क्षेत्रमा २०८० असारसम्ममा न्यूनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको गभर्नरले बताए । कोभिड–१९ को असर स्वरूप बैंक तथा वित्तीय संस्थाहरूको पुँजीकोषमा पर्न सक्ने चापलाई दृष्टिगत गरी आर्थिक वर्ष २०७६/७७ को खुद वितरणयोग्य मुनाफाको बढीमा ३० प्रतिशतसम्म मात्र नगद लाभांश घोषणा तथा वितरण गर्न पाउने व्यवस्था गरिएको बताए। अधिकारीले हालसम्म १ खर्ब ४२ अर्ब १७ करोडको पुनर्कर्जा स्वीकृत गरिएको बताए ।

## केसी...

रुपमा सशस्त्र प्रहरी बलको नेतृत्व गर्नेछन् । आईजीपी खनालको कार्यकाल २०७८ चैतमा सकिदैछ । त्यसपछि २० वैशाखसम्म केसी आईजीपी बन्नेछन् ।

## भित्री नाकाबाट...

फूलपुर–केवटलिया भित्री नाकामा सोमबार बिहान दुवै मुलुकतर्फ सर्वसाधारणको आवागमन विनारोकटोक भइरहेको थियो । रूपन्देहीमा रहेको ५९.७ किमि खुला सीमा क्षेत्रमा सशस्त्र प्रहरी बलको ६ वटामात्र बोर्डर आउट पोस्ट (बीओपी) छन् । धकधही, गोनाहा, मर्चवार, लुम्बिनी, कालीदह क्षेत्रमा स्थानीयको आवागमन वर्षौंदेखि खुला सिमानाबाटै हुँदै आएको छ । सशस्त्र प्रहरी बल नेपाल २७ नम्बर गण हेड क्वार्टरका एसपी राजेश उप्रेतीले बीओपीबाट प्रहरीको नजर पुग्नेसम्मको सिमानाबाट हुने आवागमन यतिबेला रोकिएको बताए ।

प्रमुख जिल्ला अधिकारी आशमान तामाङले मूल नाकाबाहेकको खुला सिमानाबाट हुने आवागमनलाई नियन्त्रण गरी सिमानालाई व्यवस्थित बनाउन जिल्ला सुरक्षा समितिले सोमबार रुपन्देहीको खुला सीमा नाकाको स्थलगत निरीक्षण र अध्ययन गरेको जानकारी दिए ।

कपिलवस्तुको दोस्रो ठूलो नाका मर्यादपुर हो । नेपाल र भारततिरबाट सिधै आवतजावत बन्द छ । पहुँच भएका र भनसुन गर्न सक्नेहरू उक्त नाका भएर आवतजावत गर्छन् । तर, सर्वसाधारणलाई बन्देज छ । २०७६ चैत ११ गतेदेखि नै उक्त नाका बन्द छ । कागजी रूपमा बन्द भएको नाका हुँदा प्रशासनले पनि बेवास्ता गरेको छ । नेपाल–भारत कतै पनि हेल्थ डेस्क छैन । 'गाउँपालिकालाई हेल्थ डेस्क राख्न आग्रह गरेका थियौं,' सशस्त्रको डंगरी बीओपीका निरीक्षक शंकरसिंह शिखले भने, 'तर, सुनुवाइ भएको छैन ।'

प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले सोमबार यशोधरा गाउँपालिकालाई नाकामा हेल्थ डेस्क राख्न निर्देशन दिएको बताए ।

भारतको रूपैडिया बजार पुगेकी बाँकेकी ६१ वर्षीया इस्लाम अलिलाई प्रहरीले पारि जान दियो तर फर्किन दिएन । तरकारी किनेर आएकी उनी केहीबेर दशगजाको स्तम्भ नजिक उभिइन् । त्यसपछि सुरक्षाकर्मीलाई छलेर दशगजा हुँदै मुलुक प्रवेश गर्ने जुक्ति लगाइन् । प्रहरीले देख्नेबित्तिकै लखेट्दै भारततिरै पुऱ्यायो । केही घण्टापछि प्रहरीको आँखा छलेर दशगजाबाटै घरतर्फ आइन् । खुला सीमा भएका कारण भारतबाट आउने र त्यसतर्फ जाने क्रम रोकिएको छैन ।

नेपालगन्जस्थित मूल नाका जमुनाहाबाट अहिले अति आवश्यक औषधि उपचारबाहेक भारत जान रोक लगाइएको छ । सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपाली र भारतीय दुवैको दोहोरो परिचयका कारण पनि लकडाउन प्रभावकारी बनाउन नसकिएको सुरक्षाकर्मीले बताए । बीओपीका सशस्त्र प्रहरी निरीक्षक जीवनलाल बुढाका अनुसार बाँकेको ६५ किलोमिटर क्षेत्रफल भारतसँग सीमा जोडिएको छ ।

## आकासियो...

दिनुपर्ने संघको भनाइ छ । व्यवसायीको अराजक प्रवृत्तिले बजारभाउ बढेको र नियन्त्रण गर्न सरकारी निकायले उदासीनता देखाएको उपभोक्ताहरू बताउँछन् ।

अहिले सामान्य तोरीको तेलको भन्दा सनफ्लावरको भाउ बढी भएको छ । सामान्य तोरीको तेल प्रतिलिटर २ सय ३० रुपैयाँसम्म पुगेको छ । भदौयता प्रतिलिटर ५० रुपैयाँ मूल्यवृद्धि भएको हो । यद्यपि, भदौमा यही तेलको मूल्य १ सय ८० रुपैयाँ थियो । चैतयता तोरीको तेलको भाउ बढेको छ । धारा ब्रान्डको तोरीको तेल भने अहिले २ सय ७० रुपैयाँ पुगेको छ । यसअघि गत भदौमा २ सय ३० रुपैयाँ प्रतिलिटर थियो ।

खुद्रा व्यापारीका अनुसार अहिले सबै प्रकारको चामलमा प्रतिबोरा ५० रुपैयाँ बढेको छ । केराउको मूल्य दोब्बर बढेको छ । भदौमा सेतो केराउ ५० देखि ६० र हरियो केराउ ९०–१०० रुपैयाँ प्रतिकिलो थियो । अहिले सेतो केराउको भाउ १ सय ५० रुपैयाँ प्रतिकिलो पुगेको छ । हरियो केराउको मूल्य सेतोको तुलनामा प्रतिकिलो १० रुपैयाँ बढी पर्छ ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ बढेको कारण देखाउँदै नेपाल आयल निगम लिमिटेडले निरन्तर नेपाली बजारमा पेट्रोलियम पदार्थको भाउ बढाइरहेको छ । पछिल्लो समय गत शनिबार प्रतिलिटर १–१ रुपैयाँ मूल्यवृद्धि गरी पेट्रोल १ सय २१ र डिजेल तथा मट्टीतेल समान १ सय ४ रुपैयाँ प्रतिलिटर निर्धारण गरेको छ । त्यस्तै, हवाई इन्धनको भाउ प्रतिलिटर २ रुपैयाँ ७६ पैसा कायम गरिएको छ । हवाई इन्धनको भाउ बढ्नासाथ आन्तरिक सेवा दिइरहेका विमान कम्पनीहरूले गन्तव्यअनुसार ५० रुपैयाँदेखि ८५ रुपैयाँसम्म भाडादर बढाएका छन् । गत भदौमा पेट्रोल १ सय ७, डिजेल तथा मट्टीतेल ९० रुपैयाँ प्रतिलिटर थियो ।

## चीनद्वारा...

पाकिस्तान, श्रीलंका र अफगानिस्तानका परराष्ट्र मन्त्रीहरूसँग चिनियाँ विदेशमन्त्री वाङ्यीले हालै भर्चुअल माध्यमबाट गरिएको बैठकका क्रममा यो घोषणा गरेका हुन् ।

बैठकको अध्यक्षता गरेका चिनियाँ स्टेट काउन्सिलर एवं विदेशमन्त्री यीले स्वास्थ्य उपकरण तथा सामग्रीहरू उपलब्ध गराइने भनेका छन् । यसअघि चीनले नेपाललाई ८ लाख डोज खोप अनुदानमा उपलब्ध गराइसकेको छ । खोप खरिद गर्ने नेपालको चाहना भएमा चीनले सहजीकरण गर्ने आश्वासन दिए पनि नेपालले भारतबाट मात्रै खरिद गर्ने भनेको छ । खोपको खरिद तथा आपूर्तिका लागि पुनः सहजीकरण गर्न पुनः प्रतिबद्धता जनाएको छ ।

बैठकमा चिनियाँ स्टेट काउन्सिलर वाङ्यीले अन्य मुलुकहरूको आन्तरिक मामिलामा हस्तक्षेपलाई चीनले सधैं अस्वीकार गर्ने तथा चीनले खोप राष्ट्रवादलाई पनि नमान्ने उल्लेख गरेका छन् । बैठकमा कोभिडको नियन्त्रणबारे चिनियाँ अनुभव प्रस्तुत भएको थियो भने अन्य पाँचै मुलुकले कोभिड नियन्त्रण र रोकथामका लागि चाहिएको कदमबारे प्रस्तुतीकरण गरेका थिए ।

बैठकमा भारतलाई पनि आमन्त्रण गरिए पनि उसले उपस्थिति जनाएन । यद्यपि भारतमा बढ्दो कोभिड महामारी विरुद्ध लड्न चीनले सहयोग गर्ने भनेको छ । बैठकमा चिनियाँ विदेशमन्त्री वाङ्यी परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, श्रीलंकाका परराष्ट्रमन्त्री दिने गुण वर्दना, बंगलादेशका परराष्ट्रमन्त्री एके अब्दुल मेमोन पाकिस्तानका परराष्ट्रमन्त्री शाह मोहम्मद कुरेसी र अफगानिस्तानका कार्यवाहक परराष्ट्रमन्त्री हनिफ अतमार सहभागी थिए ।

## १२ जिल्लामा...

काठमाडौं, भक्तपुर र ललितपुर तथा बाहिरका बाँके, पर्सा, कास्की, दाङ, सुर्खेत र कैलाली छन् । उपत्यकामा बिहीबारदेखि निषेधाज्ञा सुरु भएको छ भने बाँकेमा सोमबारदेखि निषेधाज्ञा लागू भइसकेको छ ।

त्यस्तै, सुर्खेतमा मंगलबारबाट, कास्कीमा बुधबार, कैलालीमा बिहीबार तथा दाङमा शुक्रबारदेखि निषेधाज्ञा लागू गर्ने निर्णय भएको छ । बर्दिया, कालिकोट र बाग्लुङका धेरै संक्रमण देखिएका क्षेत्रमा मात्र लकडाउन गरिएको छ । 'हालसम्म नौ जिल्लामा पूर्ण रूपमा निषेधाज्ञाको निर्णय भएको छ,' गृह मन्त्रालयका प्रवक्ता जनकराज दाहालले भने, 'संक्रमणको अवस्था हेरेर लकडाउन तथा निषेधाज्ञा लागू गर्न स्थानीय प्रशासनलाई अनुमति दिइएको छ ।'